# कालिगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# गुल्मी, लुम्बिनी प्रदेश

## संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन
## २०७८

# विषय सूची


| क्र.सं. | | विषय | पाना नं. |
|---|---|---|---|
| **१** | | **भाग १: भुमिका** | **3** |
| | १.१ | पृष्ठभूमी | 3 |
| | १.२. | अध्ययनको उद्देश्य तथा अपेक्षित उपलव्धि | 5 |
| | १.३. | अध्ययनको विधि | 6 |
| | १.४ | अध्ययनको सीमा | 6 |
| **२** | | **भाग २: गाउँपालिकाको परिचय, काम, कर्तव्य र अधिकार** | **7** |
| | २.१ | गाउँपालिकाको संक्षिप्त परिचय | 7 |
| | २.२ | नेपालको संविधानमा स्थानीय तह | 13 |
| | २.३ | स्थानीय सरकार संचालन ऐन, २०७४ | 14 |
| | २.४ | सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिकाको काम, कर्तव्य र अधिकार, | 24 |
| | २.५ | गाउँपालिका तथा गाउँपालिकाको अतिरिक्त काम, कर्तव्य र अधिकार | 27 |
| | २.६ | वडा समितिको काम, कर्तव्य र अधिकार | 28 |
| | २.७ | संघीय विभिन्न कानून अर्न्तगत स्थानीय तहको काम कर्तव्य अधिकार | 32 |
| | २.८ | गाउँपालिकाको वित्तीय अवस्था र आन्तरिक आयको प्रमुख श्रोतहरु | 33 |
| | २.९ | राजश्व सम्भाव्य क्षेत्रहरु | 34 |
| | २.१० | खर्चको अवस्था | 34 |
| **३** | | **भाग ३: गाउँपालिकाको विद्यमान संगठन संरचना** | **35** |
| | ३.१ | विद्यमान साँगठनिक ढाँचा र दरबन्दी अवस्था | 35 |
| | ३.२ | विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका सवालहरु | 41 |
| **४** | | **भाग ४: गाउँपालिकाको कार्यवोझ विश्लेषण प्रस्तावित संगठन संरचना** | **42** |
| | ४.१ | कार्यवोझ र कार्यप्रकृतिको विश्लेषण | 42 |
| | ४.२ | उपलब्ध मानव श्रोतको आंकलन | 42 |
| | ४.३ | प्रस्तावित सांगठनिक संरचना | 42 |
| | ४.४ | गाउँपालिकामा रहने विषयगत महाशाखा, शाखाहरु, इकाई, वडा कार्यालय, सेवाकेन्द्रहरु तथा सोको दरबन्दी विवरण | 43 |
| | ४.५ | प्रस्तावित दरवन्दी बमोजिम वार्षिक अनुमानित खर्चको विश्लेषण पदहरुको संख्या | 47 |
| | ४.६ | गाउँपालिकामा रहने विषयगत महाशाखा, शाखा तथा इकाई र सोको कार्य विवरण (JD) | 47 |
| **५** | | **भाग ५: निष्कर्ष तथा सुझावहरु** | **63** |
| | | अनुसूची १: कालिगण्डकी गाउँपालिकाको प्रस्तावित संगठन संरचना | 63 |
| | | अनुसूची २: दरवन्दी बमोजिम वार्षिक अनुमानित खर्चको विश्लेषण तालिका | |

# भाग १: भूमिका

## १.१. पृष्ठभूमी

नेपालको शासकीय व्यवस्था सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक रहेको छ । वि.सं. २०७२ सालमा जारी भएको नेपालको संबिधान बमोजिम नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ । राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने, संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने गरी शासन व्यवस्था सञ्चालन गर्ने आधार संविधानले दिएको छ । तीन तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था समेत गरेको छ । संघीय शासनको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने सङ्कल्प गरिएको छ ।

विगतमा विकेन्द्रिकरण र स्थानीय स्वायत्त शासन पद्धतिको विकासका लागि विभिन्न प्रयासहरु गरिदै आएका थिए । त्यस क्रममा राज्यले विकेन्द्रीकरणको माध्यमद्धरा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रकृयामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्ने नीति अगिंकार गर्दै आएको थियो । स्थानीय स्वायत्त शासन पद्धतिको अवलम्बन गरी आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन र विनियोजन स्थानीय जनता आफैले गर्न सक्ने व्यवस्थाबाट विकासको प्रतिफल सन्तुलित एवं समान रुपमा उपभोगको माध्यमद्धारा समावेशी तथा सहभागितात्मक विकासको अवधारणा अगाडी सारिएको थियो ।

संविधानमा भएको राजनैतिक पुर्नसंरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको गठन निर्वाचनबाट भएको छ । त्यसैगरी संविधान बमोजिम प्रशासनिक पुनःसंरचनाको टुंगिएको छ । नेपाल एकिकृत शासकिय प्रणालीवाट तहगत शासन प्रणालीमा प्रवेश गरेसंगै यसको शासकिय संरचनमा पुनरावलोकनको आवश्यकता हुनु स्वभाविक देखिन्छ । नेपालको संबिधानको धारा ३०२ अनुसार कर्मचारी समायोजन ऐन, २०७५ जारी भएको छ । ऐनले गरेको व्यवस्था अनुसार राज्यका तीनै तहको काम, कर्त्वय र अधिकारको आधारमा प्रशासनिक संरचना निर्माण गरी साबिकका निजामती सेवा तथा अन्य सरकारी सेवमा कार्यरत कर्मचारीलाई तीनै तहमा समायोजन गर्ने काम सम्पन्न भएको छ । कर्मचारी समायोजन ऐन, २०७५ ले कर्मचारी समायोजनको कार्य सम्पन्न भए पश्चात स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी

समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा गाउँपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्ने र त्यस्तो सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनु पर्ने व्यवस्था गरिएको छ ।

शासकीय पद्धतिको भावना अनुरुप जनतालाई विकास तथा सेवा र सुविधा स्थानीय स्तरमा नै उपलब्ध हुने व्यवस्थाको लागि नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनले स्थानीय पूर्वाधारको विकास तथा स्थानीय सेवा प्रबाहको पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय तहहरुले आफुलाई संबिधान र कानूनद्धारा सुम्पिएका जिम्मेवारीहरु पुरा गर्न संबिधान र कानून अनुसार स्थानीय तह स्वयले परिचालन गर्न सक्ने स्रोत तथा संघ र प्रदेशवाट प्रदान गर्ने समानिकरण अनुदान, राजश्व बाँडफाँड, शसर्त अनुदन र विशेष अनुदान तथा रोयाल्टी जस्ता वित्तिय अधिकारलाई सुनिश्चिता संबिधान र अन्तर सरकारी वित्त व्यवस्थाजन ऐन, २०७४ समेत गरिएको छ ।

स्थानीय तहको क्षेत्र भित्र कार्यरत सरकारी निकायहरु, गैर सरकारी संघ संस्थाहरु तथा सामुदायिक संस्था, औद्यागिक तथा व्यापारिक संघ संस्थाहरु, बुद्धिजिवि वर्ग आदिलाई स्थानीय तहको सर्वागिंण विकासमा समन्वयात्मक ढंगबाट सहभागी गराउने दायित्व पनि सम्बन्धित स्थानीय तह कै हो । यस अर्थमा स्थानीय तहले आफ्नो क्षेत्रमा योजनाकर्ता, कार्यान्वयनकर्ता, सहजकर्ता, सहयोगी तथा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । यसरी आफ्नो क्षेत्रको विकासमा बहुआयामिक र बहुपक्षिय भूमिकालाई सक्षमतापूर्बक निर्वाह गर्नका लागि स्थानीय तहहरुले आफ्नो संगाठनिक क्षमताको विकासका साथै त्यहाँ कार्यरत जनशक्तिहरुले आफ्नो चिन्तन र व्यवहारमा समेत समयानुकुल परिवर्तन गर्नुपर्ने हुन्छ ।

आजको बदलिदो परिस्थिती अनुरुप स्थानीय जनताका आकक्षालाई पहिचान गर्दै मितव्ययी तथा प्रभावकारी रुपले स्थानीय सेवा प्रबाह गर्न स्थानीय तहहरुको व्यवस्थापकीय तथा सागंठनिक क्षमतामा सुदृढीकरण हुन जरुरी छ । स्थानीय तहलाई दिएको अधिकार तथा जिम्मेवारी वहन गर्नका लागि स्थानीय स्तरमा पनि स्थानीय जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण र विकास गर्न पनि अति आवश्यक छ ।

स्थानीय तहहरुले आफूलाई तोकिएको जिम्मेवारी कुशलतापूर्वक पुरा गरे नगरेको लेखाजोखा गरी विधिको पालना र दक्षतापूर्ण कार्यसम्पादनका आधारमा संघले स्रोत साधन प्रबाह गर्ने परिपाटी समेत राष्ट्रिय प्राकृति स्रोत तथा वित्त आयोगले अवलम्बन गर्न थालेको छ । यसका लागि स्थानीय तहले कानूनको पालना तथा कार्यसम्पादनको गुणस्तरमा मापन गर्न लागेको छ । यसैगरी स्थानीय तहको कार्य सम्पादनको स्वय मूल्याकंन पद्धतिको अबलम्वनको थालनी समेत गरेका छन् ।

यसरी नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका प्रचलित कानूनले तोकेको कार्य जिम्मेवारी पुरा गर्ने सन्दर्भमा पनि गाउँपालिकाहरुको संगठन विकास सम्बन्धी अध्ययन गर्न आवश्यक देखिएको छ । गाउँपालिकाले

आफ्नो उद्देश्य तथा भूमिकालाई स्पष्ट रुपमा किटान गरी आवश्यकता अनुसार विभिन्न महाशाखा, शाखा तथा इकाइको स्थापना गरी सुव्यवस्थित ढगले कार्यसञ्चालन गर्नु पर्दछ । यसका लागि पर्याप्त पान, सीप र उच्च मानोवलयुक्त कर्मचारीहरुको आवश्यकता रहने कुरा निर्बिवाद छ । यस्तो जनशक्तिबाट मात्र गस्तरीय सेवाको अपेक्षा गर्न सकिन्छ । यस्तो जनशक्तिको व्यवस्था गर्ने सन्दर्भमा आवश्यक पर्ने दरवन्दी तथा संगठन संरचनाको पुनरावलोकन स्थानीय तहले कर्मचारी समायोजनको काम समाप्त भएपछि गर्न सक्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ ले स्थानीय तहलाई दिएको देखिन्छ ।

प्रस्तुत सन्दर्भमा कालिगण्डकी गाउँपालिका गुल्मीले आफ्नो भूमिकालाई प्रभावकारी रुपमा निर्वाह गर्ने सिलसिलामा भोग्नु परेका चुनौतीहरुलाई पहिचान गरी समाधानका लागि सहभागितात्मक पद्धतिबाट गाउँपालिकाको संगठन स्वरुप तथा कार्य विवरणको पुनरावलोकन गरी समसामयिक परिमार्जन गर्नको लागि यो अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

## १.२. अध्ययनको उद्देश्य तथा अपेक्षित उपलब्धि

गाउँपालिकाको संगठनात्मक क्षमता विकासका लागि सञ्चालित यस अध्ययनको प्रमुख उद्देश्य कालिगण्डकी गाउँपालिकाको वर्तमान संगठनात्मक क्षमताको विश्लेषण गरी त्यसमा देखिएका कमजोरीहरुलाई सुधार गर्न संगठन संरचना, दरबन्दी तथा कार्य विवरण पुनरावलोकन गर्नु हो । यस अध्ययनका खास उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :

1. गाउँपालिकाको संगठनात्मक क्षमता विश्लेषण गरी सम्भावित संगठन विकास रणनीति तथा कृयाकलापहरुको पहिचान गर्ने ।
2. गाउँपालिकाको संगठनात्मक क्षमता विकास रणनीति तथा गाउँपालिकाको कार्यक्रम, कार्यबोझ तथा कार्यप्रकृतिको आधारमा गाउँपालिकाको कार्य व्यवस्थामा सुधार ल्याउन उपयुक्त सांगठनिक संरचनाको प्रस्ताव तयार गर्ने ।
3. गाउँपालिकाको संगठन संरचना अनुरुप दरबन्दी तेरिज प्रस्ताव गर्ने ।
4. गाउँपालिकाको प्रस्तावित शाखा/इकाई, वडा कार्यालय तथा कर्मचारीहरुको कार्यविवरण तयार गर्ने ।
5. गाउँपालिकाको संगठन विकास कार्ययोजना तयार गर्ने ।

**नयाँ संगठन संरचना, शाखागत कार्यविवरण लगायतका व्यवस्थाले गाउँपालिकाको समग्र सेवा प्रबाह लगायतका बिषयमा देहायगत सुधार ल्याउने अपेक्षा गरिन्छ ।**

1. गाउँपालिकाको चुस्त दुरुस्त संगठन निर्माण भै जनशक्ति लागतमा कमि आउने छ ।
2. गाउँपालिकाको सेवा प्रबाहमा आएको सुधारले नागरिक सन्तुष्टिमा बृद्धि भएको हुनेछ ।
3. कार्यरत जनशक्तिको वृति विकासका थप अवसर सृजना हुनेछ ।
4. कार्यबिश्लेषणबाट गाउँपालिकाको कमि कमजोरी तथा अबसरको जानकारी भई सुधारको क्षेत्र पहिचान हुनेछ ।

5. शाखा/इकाई/सेवा कार्यालय, वडा कार्यालय तथा कर्मचारीहरुको कार्यविवरणले जिम्मेवारी तोक्नका सहजता ल्याउनेछ ।

## १.३. अध्ययनको विधि

नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ लगायत प्रचलित कानूनवाट स्थानीय तहलाई प्रदान गरेका कार्य जिम्मेवारी तथा अधिकार, गाउँपालिकामा कार्यरत शाखा प्रमुख र कर्मचारीहरुसँगको छलफल, जनप्रतिनिधीहरुसँगको छलफल, गाउँपालिकाका शाखा/इकाई/सेवा कार्यालय, वडा कार्यालयहरु सम्पादन गर्दै आएको कार्य विवरण, कार्यवोझ र कार्यप्रकृतिको अध्ययन विश्लेषण, कर्मचारी समायोजन प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहको लागि तयार भएको संगठन संरचना, अधिकार सम्पन्न संघीय प्रशासनिक पुनःसंरचना समितिको प्रतिवेदन २०७४, विगतका अध्ययन प्रतिवेदनहरुको विश्लेषण समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । हाल कायम रहने गाउँपालिकाको शाखा, इकाई, वडा कार्यालय सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन विद्यमान प्रशासनिक संरचनामा पुनरावलोकन गर्नका लागि नयाँ दरवन्दी विवरण तथा संगठन संरचना तयार गरिएको छ ।

## १.४. अध्ययनको सीमा

कुनै पनि अध्ययन पूर्ण हुन कठिन हुन्छ । त्यो भन्दा त्यो राम्रो भन्ने तुलना भई नै रहन्छ । श्रोत साधन र अध्ययन सामग्रीको सीमित वा पर्याप्त उपलव्धता आदि कारणले पनि अध्ययनको गुणात्मकतालाई प्रभावित पार्दछ । जहाँसम्म यो अध्ययनको विषय छ, यसमा निम्न वमोजिमका सीमा रहेका छन् :

1. संविधानले तोकेको साझा अधिकारका बिषयमा अझै पनि सबै कानून नबनेको अबस्थामा ती सबै बिषय समावेश गर्न नसकिएको,
2. भैरहेको वित्तीय अवस्था, जनशक्ति, कार्यक्षेत्र र कानूनी व्यवस्था नै अध्ययनको आधार रहेको,
3. विद्यमान संगठन तालिका र अन्य सूचना पूर्ण नहुनसक्ने,
4. उपलब्ध वजेट समय र जनशक्तिको सिमितताको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

# भाग २
# गाउँपालिकाको परिचय, काम, कर्तव्य र अधिकार

## २.१. गाउँपालिकाको संक्षिप्त परिचय


कालिगण्डकी गाउँपालिकाको कुल क्षेत्रफल १०१.२ वर्ग कि.मी. रहेको छ । नेपालको कुल क्षेत्रफल १४७५१६ वर्ग कि.मी.मध्ये यस गाउँपालिकाले ०.०६८ प्रतिशत, लुम्बिनी प्रदेशको कुल क्षेत्रफल २२२८८ वर्ग कि.मी.मध्ये ०.४५ प्रतिशत, गुल्मी जिल्लाको कुल क्षेत्रफल ११४९ वर्ग कि.मी. मध्ये ८.७९ प्रतिशत ओगटेको छ । यो गाउँपालिकाको केन्द्र २७°५८'३४.५२"N- २८°३'१९.४५"N उत्तरी आक्षांश ८३°३४'४२.१०"E - ८३°२८'५२.५५"E पूर्बी देशान्तरमा अवस्थित रहेको छ । यस गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतिमा पनि विविधता पाइन्छ । यहाँ हिमाली हावापानी देखि लिएर उष्ण मनसुनी हावापानीसम्म पाइन्छ । यस गाउँपालिकामा पाइने हावापानीलाई मुख्यतया ३ भागमा बाँड्न सकिन्छ ।


कालीगण्डकी गाउँपालिकाको सिमानामा पूर्वमा पवित्र कालिगण्डकी नदी तथा पर्वतको विहादी गाउँपालिका, पश्चिममा चन्द्रकोट गाउँपालिका र सत्यवती गाउँपालिका, उत्तरमा वाग्लुङ्गको जैमीनी नगरपालिका र दक्षिणमा सत्यवती गाउँपालिका र कालिगण्डकी गाउँपालिका स्याङ्जा अवस्थित छन्। नेपालकै सवैभन्दा ठुलो जलविधुत आयोजना कालिगण्डकी 'ए' देखि लुम्विनी अञ्चलकै सबैभन्दा अग्लो टाकुरा थाप्ले तथा सत्यवती क्षेत्र यसै गाउँपालिकाका आकर्षक धरोहर र सम्पत्तिका रुपमा रहेका छन् ।

स्थानीय तह घोषणा भएपछि गाउँपालिकाको वडा विभाजनको अवस्था देहाय बमोजिम रहेको छ ।

| वडा नं | समावेश भएका साविकका गा.वि.स.हरु | क्षेत्रफल (वर्ग किमि) |
|---|---|---|
| १ | हर्मिचौर | १३.५५ |
| २ | अर्वेनी | १०.८४ |
| ३ | जयखानी | १३.४१ |
| ४ | पूर्तिघाट | ११.१३ |
| ५ | फोक्सिङ्ग १९.७८ | १९.७८ |
| ६ | खड्गकोट | १७.०६ |
| ७ | भुर्तुङ्ग | १५.२७ |
| | **जम्मा** | **१०१.०४** |

गाउँपालिकाको भौगोलिक नक्सा


वार्ड अनुसार क्षेत्रफलको नक्सा
संकेत
कालिगण्डकी गा.पा. वार्ड सिमा
१
२
३
४
५
६
७
खड्गकोट
पुर्तिघाट
जयखानी
अर्बेनी
वर्ग कि.मी
1 centimeter = 0.65 kilometers
0 1 2 4 6 8
Kilometers
कालीगण्डकी गाउँपालिका
पूर्तिघाट, गुल्मि
५ नं प्रदेश ,नेपाल




**ऐतिहासिक चिनारी तथा नामकरण राजनीतिक अवस्थिति**

यस कालीगण्डकी गाउँपालिकाको ऐतीहासिक चिनारी तथा नामाकरणको बारेमा बुझ्नुपर्दा पुर्व तीर अवस्थित रहेको कालीगण्डकी नदी र यसको सभ्यताको वारेमा बुझ्नुपर्ने हुन्छ । यस विश्व ब्रह्माण्डमा उत्पतिभएका धेरै नदीहरु उत्पति भएपछि एउटै दिशातर्फ बगेको पाइन्छ तर कालीगण्डकी नदी उत्पति भएपछि चारै दिशामा बगी समुन्द्री सतह सम्म पुग्दछ । यस पवित्र नदीको नीर्मल जल जती समय सम्म वोतल या भाडोमा राखेपनि बिग्रदैन्र जस्ताकोतस्तै निर्मल नै रहिरहेको पाईन्छ । त्यसैगरी यस नदी किनारामा श्री वैष्णव क्षेत्र मध्यभागमा शाक्त क्षेत्र र उच्च समस्थली भागमा शैवी क्षेत्रहरु पर्ने गर्दछन् । नेपालको एकमात्र शालिगम्र पाइने कालिगण्डकी नदीको विशेष महत्व छ ।

यस नदीको किनारमा धेरै तीर्थस्थलहरु र ऋषिमहर्षी, सन्त, महन्त, मुनी राजा, महाराजा तथा साधकहरुले तपस्या गरेको तपस्थली र साधानास्थलहरु रहेका छन् । यस नदीको किनारमा यस गाउँपालिका भित्र पर्ने गणेशस्थान, मुक्तीधाम, गौमतीघाट, घुमाउने, पूर्तिघाट, सेतीवेनि जस्ता पवित्र स्थलहरु अवस्थित रहेका छन्। शास्त्रका अनूसार धेरै ऋीषीमुनिहरुले जप, तप, ध्यान, ज्ञान, उपासना, विपश्यना, आराधना, साधना, सङ्गीत र योग यसै नदीको किनारामा बसेर सिद्धिप्रार्पति गरेको कुरा ईतिहास ले प्रमाणित गरेको पाईन्छ। साधना जुनसुकै ठाउँमा गरेपनि सिद्धिप्रार्पति गर्न एकपटक कृष्ण गण्डकी जानुपर्छभन्ने कुरा पुराणहरुमा पनि उल्लेख भएको छ । त्यसैगरी काग भुसिन्डीले श्रीरामको वारेमा लेख्दा यस स्थानकोवारेमा उल्लेख गर्दै लेखेका छन्। निलगरीको पर्वतको फेदिमा कालीको तीरमा बसी रामको भक्तीगर्दा सबै पापहरु नास हुन्छन् ।

“चरितम रघुनास्यशत कोटी प्रविस्तरम्

एकै कमक्षरम पुंसाम्महापातक नाशतम्॥"

अन्यत्र सय करोड पटक रामको नाम जप्नु र कालिगण्डकी किनारमा बसि एक पटक मात्र राम नाम जप्दा मनुस्यको सबै पापहरु नास हुन्छन् भनिएको छ । हिन्दु दर्शनका अनूसार पृथ्वीमा रहेका आठ ओटा भुवैकुण्ठ धामहरु मध्यको एउटा धाम (घुमाउने फूलवारि) यस कालीगण्डकी नदीको किनारमा यसै गाउँपालिकामा छ ।

त्यसैगरी सत्ययुगमा सतीदेवी यसै ठाउँमा जन्मलिइन र दक्षप्रजापती राजाले शिवजीसँग बिबाह गराउँदा विष्णुले छल गरेको हुनाले मन शान्ति र मनोकामना पूर्ति गर्नका लागि बान्द्रानदी र कालीगण्डकीको बीचमा अवस्थित कन्द्रौटा भन्ने ठाउँमा महायज्ञ गर्दा कैलाश पर्वत बाट शिवजीको आज्ञा बिना सतीदेवी आएकाले आत्मदाह गर्नुपरेको र शिवफौजले यज्ञ विध्वंश गरेका थिय । त्यसपछि एउटी शतिदेवि बाट सप्त सत्यवती भई सबभन्दा जेठी बसेको ठाउँ बुढी सत्यवती (यस गा.पा र सत्यवती गा. पा. को सिमाना) रहेको ठाउँको वारेमा स्वस्थानी कथामा व्याख्या गरिएको छ् । त्यस ठाउँलाई अहिले पनि दक्षप्रजापती क्षेत्र पूर्तिघाट (हाल गा. पा. केन्द्र) भनिन्छ र अन्य सत्यवतीहरु पनि विभिन्न ठाउँमा गई बसेको पाईन्छ ।

त्यसै गरी वि.स. १८६० मा अग्नीहोत्री भन्ने एकजना मानिस जसले मन्त्रबाट अग्नी उत्पन्न गर्दथे उनी काठमाण्डौंबाट आई सतीदेवीले आत्मदाह गरेको स्थानमा मन्त्र द्धारा अग्नी उत्पन्न गराई यज्ञकुण्ड बनाई धुनी लगाएका थिए र उक्त अग्नी अहिलेसम्म पनि अविछिन्न रुपले वलिरहेको पाईन्छ। पछि उनले लिन्घाकी ज्ञवाली थर की कन्यासँग विवाहगरी केही समय सत्यवतीमा बसि साधना गरेको र उनका छोरा पनि वनारस गइ अध्ययन गरी फर्केपछि त्यसै ठाउँमा पञ्चायन कुण्डमा स्नान गरे पश्चात तपस्या सुरु गरी सिद्दि प्राप्तगरी तारकेश्वर कृषि भएको पाईन्छ् । उनले सत्यवतीको स्थापना गर्नृकासाथै रुद्रदेविको राम मन्दिर पनि बनाए । त्यसैगरी कालीका पुराणमा उल्लेख गरिएको छ्:

"सत्य सत्वती क्षेत्रम त्रेतायाम तुतपोवनम्
द्धापरे मुक्ति सोपनम कलौ नेपालीका पुरी ॥"

सत्य युगमा यस क्षेत्र लाई सत्यवती त्रेतायुगमा तपोवन द्धापर युगमा स्वर्गजाने सिडी र कलीयृगमा नेपाल भनिएको छ ।

त्यसैगरी श्री श्री श्री १०८ महात्मा महाप्रभु कृपा सिन्धुदाश काठमाण्डौ बाट वि. स. १९९५ सालमा जयखानी बेलटारि शिवमन्दिर मा आई शिवमन्दिरको नजिक श्री कृष्ण कालीगण्डकी किनारमा स्वामीको रुख मुनी धुनीलगाई १ वर्ष बस्नु भयो । उहाँले कालीगण्डकीको किनारमा शिरमाथी तीन वटा शिला ढुङ्गा राखि २ घण्टा सम्म आखाँ बन्द गरी ध्यानमा बस्नु भयो । त्यसैगरी १ वर्ष शिवमन्दिर बेल्टारि बसि जाने बेलामा मुलपानी तल कालीगण्डकीको किनारमा ठुलो ढुङ्गामा १०८ वटा कन्या केटीलाई भोजन खुवाई दान दक्षीणा गर्नुभयो र उसै दिन कालीगण्डकीको किनारै किनार घुमाउनेमा

गई ९ महिना ओढारमा (गुप्तेश्वर महादेव गौतम गुफा) बस्नु भयो । उक्त ओढारमा बस्दा प्रत्येकबर्ष आउने वालाचतुर्दशीको दिन "शतवीउ" छर्ने आवश्यक व्यवस्था गरीदिनुभयो । यसरि हेर्दा कालीगण्डकी गाउँपालिका अत्यन्तै अलौकिक इतिहास र महत्व बोकेको गाउँपालिकाको रुपमा लिन सकिन्छ् ।

त्यसै गरी नेपालको संविधान २०७२ ले घोषण गरेको सघीय लोकतान्त्रिक नेपाल कार्यान्वयनको महत्वपूण खुडकिलोका रुपमा रहेको सङ्घीय संरचना अनूसार ७५३ स्थानीयतहको घोषणा गर्यो । सोहीअनूसार गुल्मीजिल्लामा १२ वटा स्थानीयतहहरु मध्ये पूर्वत्तिर भागमा अवस्थित तत्कालीन गा. वि.स.हरु हर्मीचौर, अर्वेनी, जयखानी, पूर्तिघाट, फोक्सिङ, खड्गकोट र भुर्तुङ्गहरु मिलाई एउटा स्थानीयतहको घोषणा भयो र भौगोलिकहिसावले हेर्दा तत्कालीन ७ गा. वि. स हरु हर्मीचौर, अर्वेनी, जयखानी, पूर्तिघाट र खड्गकोटले प्रत्यक्ष छोइएको कालीगण्डकी नदी हुनुका साथै यसको प्राचीन ऐतीहासिक महत्व गाउँपालिकाको चिनारिका रुपमा रहने कारणले गर्दा तत्कालीन सर्म्पुण राजनैतिक दल, समाजसेवी वुद्धी जीबिहरु र जनभावना बमोजिम कालिगण्डकी नदीको नामबाट यस गाउँपालिकाको नाम कालिगण्डकी गाउँपालिका भनि नामकरण हुनगयो ।

## राजनीतिक अवस्थिति तथा प्रशासनिक केन्द्र

सङ्घिय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना वमोजिम व्यवस्था भए बमोजिमगठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्यातथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदनअनूसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०११/२२ नेपालको सङ्घीय संरचना अनूसार ७ प्रदेश ७५३ वटा स्थानीय तहमा पून:संरचित भए पश्चात नेपालको ५ नं प्रदेश अन्तर्गत गुल्मी जिल्लाका साविकका गाविसहरू हर्मिचौर, अर्वेनी, जयखानी, पूर्तीघाट, फोक्सिङ्ग खड्गकोट र भुर्तुङ्ग समेटेर जम्मा ७ वटा वडाहरूकायम गरी कालीगण्डकी गाउँपालिका स्थापना गरिएको हो ।

| डा नं. | समावेश भएका सविकका गा.वि.स. | सविकको वडा नं. | क्षेत्रफल वर्ग कि.मी | वडा कार्यालय रहेको स्थान |
|---|---|---|---|---|
| १ | हर्मिचौर | १ देखि ९ | १३.५५ | फरिनडाँडा |
| २ | अर्वेनी | १ देखि ९ | १०.८४ | अर्वेनी, मनधारा |
| ३ | जयखानी | १ देखि ९ | १३.४१ | जयखानी |
| ४ | पूर्तिघाट | १ देखि ९ | ११.१३ | पूर्तिघाट |
| ५ | फोक्सिङ्ग | १ देखि ९ | १९.७८ | जोगीटोल |
| ६ | खड्गकोट | १ देखि ९ | १७.०६ | देउराली |

| | | | | |
|---|---|---|---|---|
| ७ | भुर्तुङ्ग | १ देखि ९ | १५.२७ | छापचौर |

**गाउँपालिकाको अन्तरसम्बन्ध**

यस गाउँपालिकाको अन्तरसम्बन्ध विशेषगरी छिमेकी जिल्ला स्याङ्जा, पर्वतको विहादी गाउँपालिका, लगायत छिमेकी स्थानीय तह सँग रहेको छ तर भौगोलिक विकटताका कारण जिल्ला सदरमुकामसँग खासै सम्वन्ध छैन । यहाँका मानिसहरु आर्थिक, शैक्षिक, रोजगारी लगायत अन्य कारोवारको लागि बढी मात्रामा बुटवल जाने आउने गर्दछन भने पोखरा, काठमाण्डौ, पाल्पा पनि जाने आउने गर्दछन् । यस ठाउँमा उत्पादित कृषिजन्य वस्तुहरुको बिक्री वितरणका लागि पोखरा, बुटवल, भैरहवा, काठमाण्डौंसम्म पनि हुने गरेको देखिन्छ । गाउँपालिकालाई चाहिने अन्य कृषि सामग्री, खाद्य सामग्री लगायत दैनिक आवश्यकताका वस्तुहरुको आयत भने मुलत बुटवल, भैरहवाबाट नै हुने गरेको देखिन्छ ।

**प्राकृतिक सम्पदा**

यस गाउँपालिका प्राकृतिक सम्पदाको दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण मानिन्छ । पवित्र कालिगण्डकी नदी यसै गाउँपालीकाको एक किनारमा पर्दछ । गाउँपालिकाका सवै वडामा घना जङ्गल देख्न सकिन्छ । गाउँपालीकामा धेरै खाला, खोल्सा, झरनाहरु प्रसस्त छन् । यस गाउंपालिकाको मुख्य गैरकाठजन्य वनपैदावारहरुमा (कुरिलो, तितेपाती, वनमारा, अम्लीसो, अमला, हर्रो, बर्रो, चिराइतो, वनमाला, ठुलो ओखती, खोटो, मझिटो, सतुवा, बोके, टिमुर, बुढी ओखती, हाडजोडा, भकिम्ले, हटचुर, लौठ सल्ला, पाखनवेद, बोजो, सानो ओखती, चुत्रा (धसिंगरे ,घोडाखरी, सिन्कौली, हाडे लसुन, सिस्नो, अल्लो, दालचिनी, सुगन्धवाल, लप्सी, अम्फी, ओखर, कटुस, , गजुरगाना, विडालीकाण्ड, खयर, बेल, राजवृक्ष, अमला, असुरो, टिमुर, बेल, घोडथाप्ले सतुवा/सर्मागुरु) आदी छ भने यहांको निकासीजन्य प्राकृतिक स्रोत साधनहरुमा (ढुंगा, गिटी ,बालुवा), काठमध्य, (चिलाउने, उत्तिस ,साल, बांस ,खयर,सखुवा) कृषि जन्य वस्तुहरुमा खाधन्न वालिहरु (मकै, आलु, कोदो, गहु, तोरी, धान) तरकारी वालिहरु (आलु, साग केराउ मटर, बन्दा ,काउली) फलफूल वालिहरुमा (सुन्तला, निवुवा, भोगटे) अन्य नगदे वालीहरुमा ( अलैची, मास, तोरी) पशुपंक्षिहरुमा (रागा, भैसी, बाख्रा, बंगुर, गोरु र पंक्षीजन्य निकासी अन्तर्गत कुखुरा हो भने यहा पाइने मुख्य जंगली जनवारहरुमा स्याल, ठाडे, बाघ, हरिण, मन्साप्रो, खरायो, निगाले, बादर, दुम्सी हो भनेपशु पंक्षिहरुमा कालिज, ढुकुर, हुचिल, काग, सुगा, चील, चिवे, वनकुखुरा, बेसार, हुटीट्याउ, गिद्ध, काकाकुल पाइन्छ ।

त्यसैगरी गाउँपालिकाका मूख्य खेतीयोग्य जमिनमा वडा नं १ को हर्मिचौर फाँट, दिहिङ, वकेवा, गिदुवा, तुथुम, देउराली, भर्दालकोट, एकीनास, हर्मिचौर बान्द्रे, वडा नं २ को ठुला चौर, आमवोट, तेवारी थोक, घिउसिन, सेरा, सातमुरे, राक्से फाँट, चौका वारी, चन्दन बारी, माझबारी, गहते, भयकोट, बिसौना, अर्वेनी फाँट, चन्दनथर, जम्मुखानी, मनधरा, निगारे, वडा नं ३ को वेल्टारी, सत्ताइसे, आपखर्क,

मुलपानी, कनौटा, जयखानी, लेन्टुङ, छाप, लमसराङ , वडा नं ४ का जोखुमचौर, डाङलिङ फाँट, फुर्शे फाँट, फुर्शे डाँडा, छाहादी, लपर्तुङ, ओकेङ, वल्ली, भाङखर्क, खोर्त्रक, सौरेनी, दमार, सिरेनी, वडा नं ५ का गौदीखोला फाँट, केङ्गे खोला फाँट, लमकरा फाँट र चालीसे फाँट, बेशी फाँट, गैरी फाँट, सिम्ले सातकोट, चालीस श्यामी, वडा नं ६ को वडरे फाँट, कान्ले फाँट, जिमिरे फाँट, खोलसे फाँट, खनियापाटा फाँट, दिम फाँट, गाउँ, कोरेङ्ग वेसी, उर्लेनी फाँट, वरलवा फाँट, लेघा फाँट, बगालथोक फाँट, रुम्टा फाँट, आमबोट फाँट, थुम्का बेसी, फाँट, उपल्लो कोरेङ्ग, तोलाकोट, खमारीपाटा, सपाङ्गदे, जोग्दी, लुङ, लिसेपानी, तुपुङ, लेगा ढाव, वगालथर, रम्फै र वडा नं ७ को गब्दे फाँट, टारी फाँट, भट्टेटोला फाँट, नागा फाँट, गैरी फाँट, मिलगाम फाँट,अमराइ फाँट, झिरवास फाँट आदी ।

## २.२. नेपालको संविधानमा स्थानीय तह

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) अनुसार संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारका र संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२) धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) अनुसारको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका विषयहरु उल्लेख भएको छ ।

**नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारको सूची**

| क्र.स. | विषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम संचालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संचालन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८ | आधारभूत तथा माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य तथा सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण सरसफाई तथा जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई |
| १२ | गाउँसभा, नगरसभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |

| | |
|---|---|
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | जग्गा धनी प्रमाणपूर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति, र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारहरुको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको संचालन, व्यवस्थापन र नियन्त्रण |
| १९ | खानेपानी साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा |
| २० | विपद व्यवस्थापन |
| २१ | जलाधार वन्य जन्तु खानी तथा खतिज पदार्थको संरक्षण |
| २२ | भाषा संस्कृति र ललितकलाको विकास |

नेपालको संविधानको अनुसूची ९ अनुसारको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची

| **क्र.स.** | **विषयहरु** |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा, खेलकुद र पत्रकारिता |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |
| ५ | विद्युत,खानेपानी तथा सिंचाई जस्ता सुविधाहरु |
| ६ | सेवा शुल्क, दण्ड, जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | बन जंगल, बन्यजन्तु, चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८ | खानी तथा खनिज, विपद् व्यवस्थापन |
| ९ | सामाजिक सुरक्षा, गरिबी निवारण |
| १० | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह, तथ्याङ्क |
| ११ | पुरातत्व, प्राचिन स्मारक र संग्राहलय |
| १२ | सुकुम्बासी व्यवस्थापन |
| १३ | प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी |
| १४ | सवारी साधन अनुमति |

## २.३ स्थानीय सरकार संचालन ऐन, २०७४

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको संचालन र सेवा गाउँपालिकाको काम कर्तव्य र अधिकारको सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ ।

**गाउँपलिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार:**

### क. नगर प्रहरी

नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन, तथा देहायका विषयका नगर प्रहरीको परिचालन गर्ने,

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,
(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,
(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,
(५) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,
(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,
(७) सार्वजनिक ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा, तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
(८) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,
(९) अनधिकृत विज्ञापन तथा होडिङबोर्ड नियन्त्रण,
(१०) छाडा पशु चौपायाको नियन्त्रण,
(११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
(१२) कार्यपालिकाले तोकेको अन्य कार्य।

### ख. सहकारी संस्था

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
(२) सम्बन्धित गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,
(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,
(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास।

### ग. एफ.एम. सञ्चालन

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमान र खारेजी,
(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य।

### घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर र्‍याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय  राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

(६) ढुँगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुँगा आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

(७) प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन,

(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सङ्कलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

**ङ. स्थानीय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**च. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन**

(१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यबस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको (घ) वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकिय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**ज. आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभुत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम, क्षमता बिकास,

(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

## झ. आधारभूत स्वास्थ्य र सरसफाई

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,

(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,

(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन,

(८) रक्त सञ्चार सेवाको सञ्चालन तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,

(९) औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

## ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

(१) स्थानीय व्यापार, वस्तुको  माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन,

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको  कार्यान्वयन, अनुगमन र नियमन,

(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीयस्तरमा  सरसफाई  तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा नयून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी कार्य ।

**ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाई**

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाई प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

**ठ. गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन ,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवस्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**ड. स्थानीय अभिलेख व्यवस्थापन**

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्बाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय

तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यावसायको विवरण सहितको अद्यावधिक अभिलेख ,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन ,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य ।

## ण. कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा  पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

**त. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन**

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुर्नस्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य

**थ. बेरोजगारको तथ्याङ्क सङ्कलन**

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य ।

**द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(४) कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

## ध. खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,

(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,

(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।

## न. विपद् व्यवस्थापन

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**प.	जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

(१)	जलाधार, वन्ययजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा  योजनाको कार्यान्वयन र नियमन,
(२)	पानी मुहानको संरक्षण,
(३)	सामुदायिक भू(संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रम,
(४)	भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,
(५)	खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,
(६)	बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्बर्द्धनमा सहयोग,
(७)	ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
(८)	भौगर्भिक नक्सा प्रकाशन ।

**फ.	भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास**

(१)	भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२)	पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार,  प्रवर्द्धन र विकास,
(३)	परम्परागरत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,
(४)	भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य,
(५)	प्रचलित कानून बिरुद्धका कुरिती तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन कार्य ।

## २.४.	सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिकाको काम, कर्तव्य र अधिकार

**क.	खेलकुद र पत्रपत्रिका**

(१)	स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
(२)	स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,
(३)	खेलकुदको विकास र प्रवर्द्धन,
(४)	खेलकुद प्रतियोगीता आयोजना र सहभागीता,
(५)	खेलकुद सम्बन्धी पूर्वाधारको विकास,
(६)	स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

**ख.	स्वास्थ्य**

(१)	सङ्घीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
(२)	जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रवर्द्धानात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६) रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

## ग. विद्युत, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिञ्चाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निधारण र सङ्कलन सम्बन्धी व्यवस्थापन ।

## घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक श्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,

(५) पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

## ङ. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

(१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,
(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,
(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
(५) स्थानीयस्तरमा निजी वनको प्रबर्द्धन, अनुगमन र नियमन,
(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,
(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,
(८) वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रबर्द्धन,
(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,
(१०) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन,
(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,
(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,
(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,
(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,
(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,
(१७) मिचाहा प्रजातिको नियन्त्रण,
(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,
(१९) जैविक विविधताको अभिलेखाङ्कन,
(२०) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,
(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,
(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,
(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

**च. सामाजिक सुरक्षा र गरिबी निवारण**

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,

(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

**छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क**

(१) व्यक्तिगत घटना (जन्म,मृत्यु, विबाह, बसाइ(सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

**ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण**

**झ. सुकुम्बासी व्यवस्थापन**

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

**ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी**

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँड ।

**ट. सवारी साधन अनुमति**

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन ।

**ठ. संघ, संस्था दर्ता तथा नवीकरण**

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण ।

## २.५. गाउँपालिकाको अतिरिक्त काम, कर्तव्य र अधिकार

### क. भूमि व्यवस्थापन

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू(उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,

(३) स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

### ख. सञ्चार सेवा

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने ।

### ग. यातायात सेवा

(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

### घ. लघु, घरेलु र साना उद्योग

(१) लघु, घरेलु र साना उद्योगको दर्ता नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,

(२) उद्यमशिलताको विकास र प्रवर्द्धन

## २.६. वडा समितिको काम, कर्तव्य र अधिकार

### क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन,

(१) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

## ख. तथ्याङ्क अद्यावधिक तथा संरक्षण

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने,

## ग. विकास कार्य

(१) बाल उद्यानको व्यवस्था गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र ब्यवस्थापन गर्ने, गराउने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ विजन, मल तथा औषधीको माग सङ्कलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन गर्ने,

(१५) पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

(१८) स्थानीय मौलिकता झल्किने साँस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तर विद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने,

(२४) घरेलु उद्योगको लगत सङ्कलन तथा  सम्भाव्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सो को अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,

(२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा  अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,

(३१) विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित गाउँपालिकामा प्रतिवेदन सहित रकम  बुझाउने,

(३४) असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्‍याई औषधोपचार गराउने,

(३५) असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री  तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रबर्द्धन गर्ने ।

## घ. नियमन कार्य

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबर्द्धन गरी लगत राख्ने,

(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

## ङ. सिफारिस तथा प्रमाणित गर्ने

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्ने सिफारिस गर्ने,

(१५) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक(फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,
(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,
(२२) जीवित रहेको सिफारिस गर्ने,
(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,
(२४) नामसारी गर्न सिफारिस गर्ने,
(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,
(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,
(२८) जग्गा मूल्याङ्कन सिफारिस गर्ने,
(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,
(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,
(३१) वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने,
(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,
(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,
(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,
(३५) जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने,
(३६) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

## २.७. संघीय विभिन्न कानून अर्न्तगत स्थानीय तहको काम कर्तव्य अधिकार

१. अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ ले दिएको आर्थिक कार्यक्षेत्र तथा राजश्व बाँडफाँड अनुदान, आन्तरीक ऋण, सार्वजनिक खर्च व्यवस्थापन, राजश्व र व्ययको अनुमान र वित्तीय अनुशासन सम्बन्धी कार्य,
२. अपाङ्ग भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४:अपाङ्ग भएका व्याक्तिलाई निशुल्क शिक्षा उपलब्ध गराउने, अपाङ्ग व्यक्ति प्रतिको दायित्व सम्बन्धी कार्य,
३. उपभोक्ता संरक्षण ऐन, २०५५ ले स्थानीय बजार अनुगमन समिति मार्फत सुलभ मूल्यमा गुणस्तरिय तथा स्वस्थ बस्तु तथा सेवाको उपलब्धाता सम्बन्धी कार्य,
४. खाद्य ऐन, २०२३ ले अनुगमन तथा निरिक्षण अधिकार अन्तर्गत स्वच्छ खाद्यवस्तुको उपलब्धता सम्बन्धी कार्य,
५. खाद्य अधिकार तथा खाद्य सम्प्रुभता सम्बन्धी ऐन, २०७५ ले तोकेको स्थानीय तहको काम कर्तव्य र अधिकार सम्बन्धी कार्य,
६. घरेलु हिंसा (कसुर तथा सजाय) ऐन २०६६ अनुसार स्थापना हुने सेवा केन्द्र सञ्चलन तथा व्यवस्थापन सम्बन्धी कार्य,

७. जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता) गर्ने ऐन २०३३ ले दिएको अधिकार अन्तर्गत जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता एवं अभिलेख सम्बन्धी कार्य
८. जलचर संरक्षण ऐन, २०१७ अनुसार जलचर संरक्षण सम्बन्धी कार्य
९ जलश्रोत ऐन २०४९ ले दिएको अधिकार अन्तर्गत स्थानीय जल उपभोत्ता सम्बन्धी संस्था दर्ता नियमन तथा स्थानीय तहले जलश्रोत उपयोग वा विकास गर्ने सम्बन्धी कार्य ।
१०. आवश्य वस्तु संरक्षण ऐन, २०१२ अनुसार आवश्यक बस्तुको हेरचाह गाउँपालिकाले पालो पहराको व्यवस्था गरी सुरक्षा गर्ने प्रवन्ध मिलाउनु पर्ने ।
११. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ अनुसार आवास सुविधा उपलब्ध गराउने कर्तव्य स्थानीय तह समेतको हुने ।
१२. तथ्याङ्क ऐन, २०१५ अनुसार स्थानीय तहले विवरण वा तथ्याङ्क संकलन गर्ने सम्बन्धी कार्य ।
१३ नगर विकास ऐन, २०४५ अनुसार स्थानीय तहले जग्गा विकास कार्यक्रम संचालन गर्न सक्ने सम्बन्धी कार्य ।
१४. जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ अनुसार परिचयपत्र उपलब्ध गराउने सम्बन्धी कार्य ।
१५. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार फोहरमैलाको प्रबन्ध सम्बन्धी सम्पूर्ण कार्य ।
१६. बालवालिका सम्बन्धी ऐन, २०७५ अनुसार बालबालिकाको अधिकार प्रचलन गराउने सम्बन्धी कार्य
१७ रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार रोजगार केन्द्र सम्बन्धी कार्य,
१८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय विपद् व्यवस्थापन समिति सम्बन्धी तथा त्यसको काम, कर्तव्य र अधिकार सम्बन्धी कार्य,
१९. भूउपयोग ऐन, २०७६ अनुसार जग्गाधनी श्रेष्ता र प्रमाणपुर्जा अद्यावधिक तथा भूउपयोग परिवर्तन गर्ने सम्बन्धी कार्य,
२०. राष्ट्रिय प्रशारण ऐन, २०४९ अनुसारको अधिकारको प्रयोग : एफ.एम. ईजाजत दिने कार्य
२१. शिक्षा ऐन, २०२८ अनुसारको काम कर्तव्य र अधिकारः विद्यालय व्यवस्थापन सम्बन्धी कार्य,
२२. सहकारी ऐन, २०७४ : सहकारी दर्ता सम्बन्धी कार्य,
२३. सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ : सेवा प्रवाहको व्यवस्थापन सम्बन्धी कार्य,
२४ सूचनाको हक सम्बन्धी ऐन, २०६४ : सूचना सार्वजनिक गर्नुपर्ने सम्बन्धी कार्य,
२५. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ : गाउँपालिकाले सहयोग गर्ने सम्बन्धी कार्य,

## २.८. गाउँपालिकाको वित्तीय अवस्था र आन्तरिक आयको प्रमुख श्रोतहरुः

कालिगण्डकी गाउँपालिकाको आयको अवस्था विश्लेषण गर्दा आ.ब.०७६/७७, २०७७/७८ र चालु आ.ब. २०७८।७९ को आय व्यय अध्ययन गरिएको छ । उक्त आर्थिक वर्षको आम्दानीको प्रवृति हेर्दा हरेक वर्ष आम्दानी वृद्धि हुँदै गएको देखिन्छ ।

तीन आ.ब. को वित्तीय अवस्थाको विश्लेषण तालिका

| विवरण | | आ.व. 076/77 | आ.व. 077/78 | आ.व. 078/79 (पौष मसान्तसम्म) |
|---|---|---|---|---|
| समानिकरण अनुदान संघ | | 81600000 | 83200000 | 90000000 |
| समानीकरण अनुदान प्रदेश | | 4125000 | 5031000 | 4182000 |
| राजश्व बाँडफाँड /अन्य राजश्व संघ प्रदश स्थानीय तह | संघ | 63217134 | 87033440 | 85491000 |
| | प्रदेश | 4572250 | 4774000 | 7013139 |
| सशर्त अनुदान संघ | संघ | 185817000 | 217277890 | 228210000 |
| | प्रदेश | 9000000 | 16850000 | 8544000 |
| समपुरक अनुदान | संघ | 13300000 | | 4200000 |
| | प्रदेश | 15000000 | 15000000 | 14949000 |
| विशेष अनुदान | संघ | 8000000 | 10000000 | 8300000 |
| | प्रदेश | 12500000 | 6000000 | 6000000 |
| सामाजिक सुरक्षा | | 0 | 0 | 0 |
| आन्तरिक राजश्व | | 3950000 | 4258122 | 3330000 |
| लागत सहभागिता | | 0 | 0 | 0 |
| अन्य सशर्त कार्यक्रम अनुदान | | 0 | 0 | 0 |
| आन्तरिक स्रोत अल्या | | 0 | 0 | 14285033 |
| | | 401081384 | 449424452 | 474504172 |
| जम्मा आय | | | | |
| चालु खर्च | | 226012000 | 281959000 | 121611000 |
| पुँजीगत खर्च | | 149020000 | 120995000 | 25696000 |
| जम्मा खर्च | | 375032000 | 402954000 | 147307000 |

स्रोतः कालिगण्डकी गाउँपालिकाबाट उपलब्ध भएका विभिन्न प्रतिवेदनहरु

## २.९. राजश्व सम्भाव्य क्षेत्रहरुः

गाउँपालिकाले राजश्वका क्षेत्रहरु पहिचान गरी राजश्व उठाउँदै आएको छ । यसमा राजश्वको दायरा बढाउदै लैजानुपर्ने देखिन्छ । व्यवसाय करको दायरा बढाउने, सम्पती करको दर घटाउने र दायरा बढाउने, पर्यटन क्षेत्रको विकास र प्रचार प्रसार गरी राजश्वको दायरा बनाउन सकिने देखिन्छ ।

## २.१०. खर्चको अवस्था

गत दुई आर्थिक वर्षको खर्चको अवस्था विश्लेषण गर्दा यो गाउँपालिका खर्च गर्ने क्षमता राख्ने गाउँपालिकाको रुपमा नै रहेको देखिन्छ । तर अझै पनि केहि रकम खर्च गर्न नसकेकोले खर्च बढाउने क्षमता बढाउनु पर्ने देखिन्छ ।

## भाग ३
## गाउँपालिकाको विद्यमान संगठन संरचना

### ३.१. विद्यमान सांगठनिक ढाँचा र दरबन्दीको अवस्था

कालिगण्डकी गाउँपालिकाको यस अघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकेको आधारमा संगठन संरचना स्वीकृत भएको देखिन्छ । मन्त्रालयबाट २५ हजार भन्दा कम जनसंख्या भएको गाउँपालिकालाई तोकेको दरबन्दी संख्याकै आधारमा संगठन संरचना तय भएको देखियो । गाउँपालिकामा हाल बिभिन्न पदमा ६३ जना कर्मचारी कार्यरत रहेको देखियो । समायोजन प्रयोजनको लागि नेपाल सरकारले मिति २०७४।१२।१४ मा जनसंख्याको आधारमा विभाजन गरी सोही बमोजिमको संगठन संरचना स्वीकृत गरी विभिन्न पदहरुमा कर्मचारी समायोजन गरेको थियो ।

तर मन्त्रालयले तोकेको खाका भन्दा बढि विगतदेखि काम गरेका र सामाजिक परिचालक, केहि स्वास्थ्य सेवाका कर्मचारी कार्यरत रहेको तथा नेपाल सरकारको समायोजन प्रकृयामा सहभागि भएका कर्मचारीहरुलाई एउटै संगठन संरचनामा आवद्ध गराई संगठनको प्रभावकारिता अभिवृद्धि गर्न नयाँ संगठन संरचना, शाखाको कार्यजिम्मेवारी, कार्यविवरण र पदको कार्यविवरण तयार गर्नुपर्ने हुन्छ । नेपाल सरकारबाट २५ हजारसम्म जनसंख्या भएको गाउँपालिकाको दरबन्दी विवरण देहाय बमोजिम तोकेको देखिन्छ ।

**२५ हजारसम्म जनसंख्या भएको गाउँपालिकाको दरवन्दी विवरण तालिका**

**(क) स्वास्थ्य तर्फका कर्मचारी बाहेकको दरबन्दी विवरण**

| क्र. सं. | पद नाम | श्रेणी/तह | सेवा | प्राविधिक | अप्राविधिक | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|---|
| 1 | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृ. | प्र. | | 1 | 1 |
| 2 | इन्जिनियर | रा.प.तृ.(प्रा.) (सिभिल, जनलर, वि.आ., सिंचाइ, स्यानीटरी हाइवे) वा अधिकृत सातौं/आठौं | प्रा. | 1 | | 1 |
| 3 | शाखा अधिकृत | रा.प. तृतीय (शिक्षा) अधिकृत स्तर छैठौं/सातौ/आठौं | प्र. | | 1 | 1 |
| 4 | ना.सु. | रा.प अनं.प्रथम प्रशासन वा अधिकृत छैठौं/सहायक पाँचौं | प्र. | | 6 | 6 |
| 5 | ना.सु. | रा.प अनं. प्रथम प्रशासन वा न्याय अधिकृत छैठौं/सहायक पाँचौं | प्र. | | 1 | 1 |
| 6 | ना.सु./प्रा.स. | रा.प अनं. प्रथम वा सहायक पाँचौं | प्र. | | 1 | 1 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 7 | म.वि.नी. ⁄ स.म.वि .नी. वा खरिदार | रा.प. अनं प्रथम ⁄ सहायक पाँचौ वा खरिदार | प्र. | | 1 | 1 |
| 8 | लेखापाल | रा.प.अनं. प्रथम ⁄ अधिकृत छैठौं ⁄ सहायक पाँचौं | प्र. | | 1 | 1 |
| 7 | आन्तरिक लेखा परीक्षक | रा.प.अनं. प्रथम ⁄ अधिकृत छैठौं ⁄ सहायक पाँचौं | प्र. | | 1 | 1 |
| 9 | सव इन्जिनियर (सिभिल जनरल) | रा.प.अनं. प्रथम (प्रा) वा इन्जिनियर छैठौं ⁄ सहायक पाँचौं | | 1 | | 1 |
| 10 | सव इन्जिनियर (सिभिल आर्किटेक) | रा.प.अनं. प्रथम (प्रा) वा इन्जिनियर छैठौं ⁄ सहायक पाँचौं | | 1 | | 1 |
| 11 | सह लेखापाल | रा.प. अनं द्वि. वा सहायक चौथो ⁄ पाचौं | | | 1 | 1 |
| | **जम्मा** | | | **3** | **14** | **17** |
| | **वडा कार्यालय तर्फ** | | | | | |
| 1 | नायक सुब्बा ⁄ खरिदार | रा.प.अन. प्रथम (प्र.) वा अधिकृत छैठौ वा रा.प.अन. द्वितीय (प्र.) ⁄ सहायक पाँचौ ⁄ चौथो | | | 7 | 7 |
| 2 | सव इन्जिनियर ⁄ असिष्टेण्ट सव इन्जिनियर | रा.प.अन. प्रथम (प्रा.) वा अधिकृत छैठौ वा सहायक पाँचौ ⁄ चौथो (प्रा.) | | 7 | | 7 |
| | कुल जम्मा | | | 7 | 7 | 14 |

***स्वास्थ्य, कृषी, पशुसेवा सेवा बाहेकका कुल जम्मा कर्मचारी संख्या : ३१ जना***

*नोटः* सुचना प्रविधि अधिकृत, कम्प्यूटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी, चौकिदार आदि पदमा हाल कार्यरत कर्मचारीहरु यस दरबन्दी तेरिजमा समावेश गरिएको छैन । निजहरुलाई नियुक्तिको सेवा शर्त मिल्दो शाखा वा इकाई अन्तर्गत राखी काममा लगाउन सकिनेछ । यस दरवन्दी संरचनामा नगपरेका तर स्थानीय तहको कार्यसम्पादनका लागि आवश्यक हाल कार्यरत अमिन तथा अन्य प्राविधिक कर्मचारीहरु स्थानीय तहले क्लष्टर बनाई काममा खटाउन सक्नेछन् ।

**(ख) गाउँपालिकाको स्वास्थ्य शाखाको लागि निर्धारण गरिएको दरबन्दी विवरण**

| क.सं. | पद | श्रेणी ⁄ तह | सेवा | समुह | संख्या ⁄ जना |
|---|---|---|---|---|---|
| १ | अधिकृत | ७ | स्वास्थ्य सेवा | हेल्थ इन्सपेक्सन | १ |
| २ | अधिकृत | ६ | स्वास्थ्य सेवा | हेल्थ इन्सपेक्सन | १ |
| ३ | अधिकृत | ६ | स्वास्थ्य सेवा | क.न. ⁄ ज.न. | १ |

| | जम्मा | | | | ३ |
|---|---|---|---|---|---|

नोटः

- अधिकृत ७ तह (स्वा., हे.ई.) भन्नाले स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्शन समुहको सातौ तहलाइ जनाउने छ सो पद रिक्त भएमा जनस्वास्थ्इ अधिकृत ७/८ तह (स्वा.हे.ई.) बाट पदपुर्ती गरिने छ।
- अधिकृत ६ तह (स्वा.हे.ई.) भन्नाले हेल्थ इन्स्पेक्सन समुहको छैठौ तहका जनस्वास्थ्य निरिक्षक, हे.अ. अधिकृत, सि.अ.हे.व. अधिकृत, प.नि.सु. निरिक्षक, खोप निरिक्षक, क्षे.के निरिक्षक, भे.क.स. निरिक्षक वा सो सरहका पदनामलाई जनाउने छ। यो पद रिक्त भएमा हेल्थ असिष्टेण्ट ५ तह (स्वा.हे.इ.) बाट पद पूर्ती गरिनेछ।
- अधिकृत ६ (स्वा., क.न./ज.न.) भन्नाले स्वास्थ्य सेवाको क.न. समुहका प.हे.न. वा सि./अ.न.मि. ६ तह वा जनरल नर्सिङ समुहका स्टाफ नर्स ६ तह (स्वा., ज.न.) लाई जनाउने छ र सो पद रिक्त भएमा स्वास्थ्य सेवा प.हे.न./स्टाफ नर्स ५ तह बाट पदपूर्ती गरिने छ।
- अधिकृत ६ तह (स्वा.अ आयुर्वेद) लाई स्थानीय तहले सम्बन्धित औषधालयबाट कामकाजको लागि खटाउने सक्नेछ। यदि यसरी पनि नपुग भएमा स्थानीय तहले आफ्नो आफ्नो श्रोतबाट सहायक ५ तह (स्वा., आयुर्वेद) नियुक्त गर्न सक्नेछ।

**(ग) गाउँपालिकामा रहेका स्वास्थ्य चौकीको लागि निर्धारण गरिएको दरबन्दी विवरण**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | संख्या/जना |
|---|---|---|---|---|---|
| १ | अधिकृत | ६ | स्वास्थ्य सेवा | हे.ई. | १ |
| २ | अधिकृत | ६ | स्वास्थ्य सेवा | क.न. | १ |
| ३ | सहायक | ५ | स्वास्थ्य सेवा | हे.ई. | २ |
| ४ | सहायक | ४ | स्वास्थ्य सेवा | हे.ई. | १ |
| ५ | सहायक | ४ | स्वास्थ्य सेवा | क.न. | १ |
| | **जम्मा** | | | | **६** |

नोटः

- अधिकृत ६ तह (स्वा.,से.हे.ई.) भन्नाले स्वास्थ्य सेवाको हेल्थ इन्स्पेक्शन समुहको छैठौ तहका जनस्वास्थ्य निरिक्षक, हे.अ./सि.अ.हे.ब. अधिकृतलाई जनाउने छ। सो पद रिक्त भएमा हेल्थ असिस्टेण्ट पाँचौ तह (स्वा./हे.ई) बाट पदपूर्ती गरिने छ।
- अधिकृत ६ तहमा (स्वा., क.न.) भन्नाले स्वास्थ्य सेवाको क.न. समुहको ६ तहका सि. /अ.न.मि. लाई जनाउने छ। सो पद रिक्त भएमा अ.न.मि. ४ तह (स्वा./क.न.) बाट पदपूर्ती गरिने छ।
- सहायक ५ तह (स्वा.,/हे.ई.) मा स्वास्थ्य सेवाको हे.ई. ५ तहका सि. /अ.हे.ब. लाई जनाउने छ। सो पद रिक्त भएमा अ.हे.ब.४ तह (स्वा., हे.ई.) बाट पद पूर्ती गरिने छ।
- सम्बन्धित परिषद्मा दर्ता भएका मध्येबाट स्वास्थ्य चौकीमा तहगत जेष्ठताको आधारमा इन्चार्ज हुनेछ। तर समान तहको हकमा सम्बन्धित परिषद्मा दर्ता भएका मध्येबाट देहायको प्राथमिकताको आधारमा इन्चार्ज हुनेछन्।

  (क) पाँचौ तहमा लोक सेवा प्रक्रिया पुरा गरी सेवा प्रवेश गरेको।

  (ख) पाँचौ तहको लागि तोकिएको शैक्षिक योग्यता भएको।

(ग) स्वास्थ्य सेवा ऐनको दफा (९) ख अनुसार पदस्थापन भएको ।

(घ) सम्बन्धित तहको लागि मन्त्रालयले तोकेको स्तरबृद्धि तालिम लिएको ।

* ल्याव असिष्टेण्ट र कार्यालय सहयोगीको पद पूर्ती आवश्यकताको आधारमा करारमा नियुक्ती गर्न सकिने छ ।

## हाल गाउँपालिकाले स्वीकृत गरेको कर्मचारीहरुको दरबन्दी विवरण तालिका

**(क) स्वास्थ्य चौकी बाहेकका गाउँपालिका कार्यालयमा रहने कर्मचारीहरुको दरबन्दी विवरण**

| क्र. सं. | पद नाम | तह | सेवा | समुह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|
| 1 | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृ. | प्रशासन | सामान्य प्रशासन | 1 |
| 2 | इन्जिनियर | सातौं/आठौं | प्रा (इन्जिनियरिङ्ग) | सिभिल | 1 |
| 3 | अधिकृत (शिक्षा) | सातौ/आठौं | प्रशासन | शिक्षा प्रशासन | 1 |
| 4 | अधिकृत | सातौ/आठौं | प्रशासन | लेखा | 1 |
| 5 | अधिकृत | अधिकृत छैठौं | प्रशासन | सामान्य प्रशासन | 2 |
| 6 | आन्तरिक लेखा परीक्षक | पाँचौ | प्रशासन | लेखा/आ.ले.प. | 1 |
| 7 | सहायक | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | 4 |
| 8 | कम्प्यूटर अपरेटर | सहायक पाँचौं | विविधि | | 1 |
| 9 | लेखा सहायक | पाँचौं | लेखा | | 1 |
| 10 | प्रा.स. | पाँचौं | शिक्षा | शिक्षा प्रशासन | 1 |
| 11 | हे.अ. | पाँचौ/छैठौं | स्वास्थ्य | हे. इ. | 1 |
| 12 | सव इन्जिनियर (सिभिल जनरल) | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | 1 |

| | | | | | |
|---|---|---|---|---|---|
| 13 | असिस्टेण्ट सव इन्जिनियर | चौथो | इन्जिनियर | सिभिल | 1 |
| 14 | महिला विकास निरीक्षक | चौथो | विविध | | 1 |
| 15 | खानेपानी सहायक टेक्निसियन | चौथो/पाँचौं | इन्जिनियरिङ्ग | | 1 |
| | **जम्मा** | | | | **19** |
| | **वडा कार्यालय (७ वटा) तर्फ** | | | | |
| 1 | सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | 3 |
| 2 | सव इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | 3 |
| 3 | सहायक | चौथो | प्रशासन | सामान्य प्रशासन | 4 |
| 4 | असिस्टेण्ट सव इन्जिनियर | चौथो | इन्जिनियरिङ्ग | सिभिल | 4 |
| | वडा तर्फको कुल जम्मा | | | | 14 |

***कृषी, पशुसेवा सेवा बाहेकका कुल जम्मा कर्मचारी संख्या : ३३ जना***

**(ख) नेपाल सरकारले निर्धारण गरे बमोजिम नै गाउँपालिकामा रहेका स्वास्थ्य चौकीको लागि निर्धारण गरिएको दरबन्दी विवरण**

| क.सं. | प्द | श्रेणी/तह | सेवा | समुह | संख्या/जना |
|---|---|---|---|---|---|
| १ | अधिकृत | ६ | स्वास्थ्य सेवा | हे.ई. | १ |
| २ | अधिकृत | ६ | स्वास्थ्य सेवा | क.न. | १ |
| ३ | सहायक | ५ | स्वास्थ्य सेवा | हे.ई. | २ |
| ४ | सहायक | ४ | स्वास्थ्य सेवा | हे.ई. | १ |
| ५ | सहायक | ४ | स्वास्थ्य सेवा | क.न. | १ |
| | **जम्मा** | | | | **६** |

अनुसूची

## कालीगण्डकी गाउँपालिका, गुल्मी

### गाउँ कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | अन्य निकायबाट समायोजन हुने दरबन्दी | [illegible] दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प. | | १ | | | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ८ | कम्प्युटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | स.अ. | ५ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १२ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| १३ | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ | | १ | |
| १४ | अ. महिला विकास निरीक्षक | चौथो | विविध | | | १ | | १ | |
| १५ | अ.पा.स.टे. | चौथो/पाँचौ | इन्जि. | सिभिल | स्यानीटरी | १ | | १ | |
| कार्यालय तर्फ जम्मा | | | | | | १९ | ० | १८ | |
| वडा कार्यालय (७ वडा) | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ३ | | २ | |
| २ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ३ | | ३ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ४ | अ. सब-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ४ | | ४ | |
| | | | | | | | | ० | |
| वडा कार्यालय तर्फ जम्मा | | | | | | १४ | ० | १४ | |
| कुल जम्मा | | | | | | ३३ | ० | ३२ | |

नोट : [illegible]
[illegible] सो पद स्वतः खारेज हुनेछ।
[illegible]
[illegible] २०७४
[illegible]
यस दरबन्दी [illegible] गाउँपालिकाको स्थायी कर्मचारीहरूले गाउँपालिकाको [illegible] काम गर्नु पर्ने छ ।

प्रतिलिपि [illegible]
बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत

सचिव

नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम गाउँपालिकाबाट दबरन्दी स्वीकृत भएता पनि विगतदेखि गाउँपालिकामा कार्यरत रहेका सामाजिक परिचालक, सहायक कम्प्यूटर अपरेटर संख्या, वास संयोजक, पशु प्राविधिक, कृषी प्राविधिक कर्मचारीहरु माथि उल्लेखित दरबन्दी विवरणमा समावेश गरिएको देखिदैन । साथै कार्यालय सहयोगीहरु, सवारी चालकहरु पनि दरबन्दी विवरणमा उल्लेख भएको देखिदैन । यद्यपी विगतदेखि करारमा कार्यरत रही सेवा प्रवाह भइरहको देखिन्छ ।

## ३.२. विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका सवालहरु

- गाउँपालिकाको हालको संगठन संरचना कर्मचारी समायोजन भई आउँदासम्मको लागि कायम भएको संरचनाको रुपमा रहेको छ ।
- नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४।१२।१४ को निर्णयबाट निर्धारण गरिएको दरवन्दी विवरण र गाउँपालिकामा समायोजन भएर आएका वा लोक सेवा आयोगबाट सिफारिस भइ आएका दरवन्दी तेरिजमा रहेको विवरण फरक फरक रहेको छ । जसले गर्दा समायोजन भइ आएका कर्मचारी समेतलाई समावेश गरि नयाँ दरबन्दी विवरण तयार गरिनु अपरिहार्य देखिएको छ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वास्थ्य सेवा तर्फको संगठन संरचना र दरवन्दी बेग्लै तोकेको छ । प्राथमिक स्वास्थ्य केन्द्र स्थानीय तहमा हस्तान्तरण भैसकेको सन्दर्भमा प्राथमिक स्वास्थ्य केन्द्रको दरवन्दी विवरण यकिन गरिनु पर्दछ ।
- कर्मचारी समायोजन गर्दा मन्त्रालयबाट तयार गरेको संगठन संरचना र दरबन्दी तेरिज उपलब्ध गराएको भएपनि सो अनुसार कर्मचारी समायोजन भएको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ ले नेपाल सरकारबाट एक पटक कर्मचारी समायोजन भै आएपछि त्यस पछि भने स्वयम् गाउँपालिकाले संगठन विकास अध्ययन मार्फत दरवन्दी पुनरावलोकन गर्नुपर्ने व्यवस्था गरेको छ ।
- तसर्थ गाउँपालिकाको कार्यवोझ विश्लेषण गरी गाउँपालिकामा समायोजन भएका कर्मचारी र कार्यरत साविकको स्थानीय निकायका कर्मचारीहरुको उचित व्यवस्थापन हुने गरी प्रभावकारी संगठन संरचना तय गर्न जरुरी छ । साथै सोहि बमोजिम सबै शाखा र कर्मचारीहरुको कार्यविवरण निर्धारण गरिनुपर्दछ ।

# भाग ४

## गाउँपालिकाको कार्यवोझ विश्लेषण प्रस्तावित संगठन संरचना

### ४.१. कार्यवोझ र कार्यप्रकृतिको विश्लेषण

संगठनमा कार्यबोझको स्थिति कस्तो छ, भन्ने कुरा संविधान र कानुनले दिएको जिम्मेवारी, कार्यालयको कामको चाप, सेवाग्राहीको आवागमनको स्थिति, नागरिकको आवश्यकता र आकाङ्क्षा, वर्तमानको थप कार्यक्रम, संगठनको उद्देश्य पूर्तिको अवस्था, विकास प्रशासनको अवधारणा, एक कर्मचारीले गर्न सक्ने काम, कामको प्रकृति, त्यसमा लाग्ने समय, बहन गर्नु पर्ने जिम्मेवारी र दायित्व आदिका आधारमा कार्यबोझको मापन गर्नुपर्ने हुन्छ ।

स्थानीय सरकारको जिम्मेवारमा गाउँपालिकाको कार्यबोझहरू बढी नै रहेको छ । देशमा आएको आमूल राजनैतिक परिवर्तन, उक्त राजनैतिक परिवर्तनसँगै जनतामा बढ्दै गएको आवश्यकता, चाहना, महत्वकांक्षा र आर्थिक तथा सामाजिक क्षेत्रमा गरिनुपर्ने विकासका आवश्यकताहरूले पनि नगरको कार्यबोझ बढ्दै गएको छ । यसरी विचार गर्दा कालिगण्डकी गाउँपालिकाको कार्यजिम्मेवारी तथा कामको बोझ दिन प्रतिदिन बढ्दै गएको अनुभव भएको छ र तदनुरूप शाखाहरु र इकाईहरूको व्यवस्था हुनुपर्ने देखिएको छ ।

### ४.२. उपलब्ध मानव श्रोतको आंकलन

गाउँपालिकामा हाल साविक स्थानीय निकाय र समायोजन भई आएका, लोकसेवा आयोगबाट छनौंट भइ आएका कर्मचारीहरु रहेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अन्तरिम रुपमा उपलब्ध गराईएको दरबन्दी अनुसार भएको कर्मचारी समायोजनले पनि गाउँपालिकाको कार्यसम्पादनमा प्रभावकारीता आइरहेको छ ।

हाल गाउँपालिकाकामा कुल दरबन्दी संख्या ३३ जनाको रहेको छ । यसमा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी र कृषी, पशु सेवा तर्फका कर्मचारीहरु समावेश गरिएको छैन । साथै करार सेवामा लिइने जनशक्ती सवारी चालक, कार्यालय सहयोगी समावेश गरिएको छैन । हाल सबै किसिमका गरी गाउँपालिकामा कुल ६३ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ । दरबन्दी विवरणमा समावेश नभएका कर्मचारीहरुलाई समेत समावेश गरी संगठन संरचना र दरबन्दी विवरणमा थपघट गर्नुपर्ने देखिन्छ ।

### ४.३. प्रस्तावित सांगठनिक ढाँचा

कालिगण्डकी गाउँपालिका नयाँ गठन भएको गाउँपालिका भएको भएपनि भूगोलको हिसावले ठूलो गाउँपालिकाको रुपमा देखिन्छ । साविक गाविस कार्यालयहरुमा हाल वडा कार्यालयहरु रहेका छन् । वडा कार्यालयको कार्यचाँप बढि नै छ । तसर्थ जनसंख्या, भूगोल, कार्यचाँप, गाउँपालिकाको आम्दानीको स्रोत आदिका आधारमा शाखा र इकाईहरु बनाउनुपर्ने आवश्यकता देखिन्छ । कालिगण्डकी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रहनेगरी देहाय अनुसार ६ वटा शाखा, ११ इकाई र ७ वटा वडा कार्यालयहरु, ७ वटा स्वास्थ्य चौकी, उपयुक्त हुने देखिएको छ । यस अनुसारको संगठन संरचना

चार्ट अनुसूची १ मा राखिएको छ । कर्मचारी दरबन्दी मध्ये विगतमा स्वीकृत दरबन्दीमा कम्प्यूटर अपरेटर सहायक चौथो १, अमिन वा सर्भेक्षक १, पशु वा कृषी प्राविधिक १, सूचना प्रविधि अधिकृत १, पद थप गरिएको छ। अन्य यथावत नै राखि मिलान गरिएको छ।

| **क्र.सं.** | **शखा** | **इकाईहरु** |
|---|---|---|
| 1 | प्रशासन योजना तथा अनुगमन शाखा | १. प्रशासन तथा सम्पत्ती व्यवस्थापन इकाई |
| | | २. योजना तथा अनुगमन इकाई |
| 2 | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | १. पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन इकाई |
| | | २. भवन तथा मापदण्ड कार्यान्व्यन इकाई |
| 3 | सामाजिक तथा आर्थिक विकास शाखा | १. सामाजिक सुरक्षा तथा पञ्जिकरण, सूचना प्रविधि इकाई |
| | | २. जनस्वास्थ्य प्रवर्द्धन इकाई (स्वास्थ्य चौकी ७ वटा समेत) |
| | | ३. महिला, बालबालिका तथा समाज कल्याण इकाई |
| | | ४. कृषी तथा पशु सेवा इकाई |
| | | ५. सहकारी, पर्यटन, घरेलु तथा साना उद्योग व्यवस्थापन इकाई |
| 4 | शिक्षा, युवा तथा खेलकुद शाखा | बाल विकास केन्द्र, माध्यमिक तहसम्मका विद्यालय, खेलकुद समितिहरु, युवा समितिहरु यस शाखाको मातहतमा रहने । |
| 5 | आर्थिक तथा राजस्व प्रशासन शाखा | १. आर्थिक प्रशासन इकाई |
| | | २. राजस्व प्रशासन इकाई |
| 6 | आन्तरिक लेखापरीक्षण शाखा | प्रमुख प्रशासकीय अधिकृत मातहत रहने |
| 7 | वडा तहमा | वडा कार्यालयहरु |

## ४.४ गाउँपालिकामा रहने विषयगत शाखाहरु, इकाई, वडा कार्यालय, सेवा केन्द्रहरु तथा सोमा रहने जनशक्तिका लागि सिफारिस गरिएको दरबन्दी विवरण

**(क) शाखा तथा इकाईगत र वडा कार्यालयमा रहने दरबन्दी विवरण**

| शाखा | शखा, इकाइहरु | रहने दरबन्दी | अधिकृत | सहायक पाचौं | सहायक चौथो | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | 1 | | | | 1 |
| प्रशासन, योजना तथा अनुगमन शाखा | | अधिकृत छैठौं (शाखा प्रमुख) | 1 | | | | 1 |
| | प्रशासन तथा सम्पत्ती व्यवस्थापन इकाई | सहायकस्तर पाँचौं (प्रशासन) | | 1 | | | 1 |
| | | सहायक कम्प्यूटर अपरेटर पाँचौं | | 1 | | | 1 |
| | | कार्यालय सहयोगी | | | | 4 | 4 |
| | | हलुका सवारी चालक | | | | 1 | 1 |
| | योजना तथा अनुगमन इकाइ | सहायक पाँचौं (प्रशासन) - प्रशासन तथा सम्पत्ती व्यवस्थापन इकाइका पाँचौं तहका कर्मचारीले यस शाखाको समेत कार्यसम्पादन गर्नुपर्ने । | | | | | |
| | | कम्प्युटर अपरेटर चौथो | | | 1 | | 1 |
| **जम्मा** | | | | | | | |
| पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन इकाई | सिभिल जनलर इन्जिनियर छैठौं/सातौं तह (शाखा प्रमुख) | 1 | | | | 1 |
| | | सव इन्जिनियर सहायक पाँचौ | | 1 | | | 1 |
| | | खा.पा.स.टे. चौथो | | | 1 | | 1 |
| | भवन तथा मापदण्ड कार्यान्वयन, इकाई | सव इन्जिनियर पाँचौं | | 1 | | | 1 |
| | | अमिन/सर्वेक्षक पाँचौं | | 1 | | | 1 |
| **जम्मा** | | | | | | | |
| सामाजिक तथा आर्थिक विकास शाखा | सामाजिक सुरक्षा तथा पंजिकरण, सूचना प्रविधि इकाइ | प्र.प्र.अ. ले तोकेको वा सिनियर व्यक्ति शाखा प्रमुख हुने | | | | | |
| | | सूचना प्रविधि अधिकृत | 1 | | | | 1 |
| | | सहायक पाँचौ (प्रशासन) | | 1 | | | 1 |
| | जनस्वास्थ्य प्रवर्द्धन इकाइ | अधिकृत छैंठौं (स्वा.से.हे.इ.) | 1 | | | | 1 |
| | | अधिकृत छैठौं (स्वा.से. क. नर्सिङ | 1 | | | | 1 |
| | महिला वालबालिका तथा समाजकल्याण इकाई | महिला विकास निरिक्षक चौथो | | | 1 | | 1 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सहकारी, पर्यटन घरेलु तथा साना उद्योग व्यवस्थापन इकाई | सहायक पाँचौ | | 1 | | | 1 |
| | कृषी तथा पशु सेवा इकाई | कृषी वा पशुसेवा तर्फको सहायक पाँचौ | | 1 | | | 1 |
| **जम्मा** | | | | | | | |
| **आर्थिक तथा राजश्व प्रशासन शाखा** | | लेखा शाखा प्रमुख शाखा प्रमुख हुने | | | | | |
| | आर्थिक प्रशासन इकाई | लेखा अधिकृत छैठौं/सातौं तह | 1 | | | | 1 |
| | | सहायक पाँचौं (लेखा) | | 1 | | | 1 |
| | राजस्व प्रशासन इकाई | सहायक पाँचौ (प्रशासन) | | 1 | | | 1 |
| **जम्मा** | | | | | | | |
| **शिक्षा युवा तथा खेलकुद शाखा** | **शिक्षा युवा तथा खेलकुद शाखा** | अधिकृत सातौं/आठौं (शिक्षा) | 1 | | | | 1 |
| | | सहायक पाँचौं (प्रा.स. शिक्षा) | | 1 | | | 1 |
| **आन्तरिक लेखा परीक्षण शाखा** | प्रमुख प्रशासकीय अधिकृत मातहत रहने | सहायक पाँचौ (लेखा/आ.ले.प) | | 1 | | | 1 |
| **वडा कार्यालय तर्फको दरबन्दी विवरण (७ वटा वडा कार्यालय)** | | | | | | | |
| **वडा कार्यालय तर्फ** | | सहायक पाँचौ | | 3 | | | 3 |
| | | सव इन्जिनियर पाँचौ | | 3 | | | 3 |
| | | सहायक चौथो | | | **4** | | 4 |
| | | असिस्टेन्ट सव इन्जिनियर | | | **4** | | 4 |
| | | पशु सेवा प्राविधिक | | | **3** | | |
| | | कृषी प्राविधिक | | | **4** | | |
| | | कार्यालय सहयोगी | | | | 7 | 7 |
| **कुल दरबन्दी संख्या** | | | 8 | 18 | **18** | 12 | 56 |

**(ख) नेपाल सरकारले निर्धारण गरे बमोजिम नै प्रत्येक स्वास्थ्य चौकीको लागि निर्धारण गरिएको दरबन्दी विवरण**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | संख्या/जना |
|---|---|---|---|---|---|
| १ | अधिकृत | छैठौं | स्वास्थ्य सेवा | हे.ई. | १ |
| २ | अधिकृत | पाँचौ/छैठौं | स्वास्थ्य सेवा | क.न. | १ |
| ३ | सहायक | पाँचौं | स्वास्थ्य सेवा | हे.ई. | २ |
| ४ | सहायक | चौथो | स्वास्थ्य सेवा | हे.ई. | १ |
| ५ | सहायक | चौथो | स्वास्थ्य सेवा | क.न. | १ |
| ६ | कार्यालय सहयोगी | | | | १ |
| | **जम्मा** | | | | **७** |

**सात वटा स्वास्थ्य चौकिका लागि ४९ जना रहने ।**

उल्लेखित दरबन्दी मध्ये स्वास्थ्य चौकी बाहेक अधिकृतस्तर ८ जना, पाँचौस्तर १८ जना, चौथो तह १८ जना, श्रेणी बिहिन १२ जना गरी कुल ५६ जना रहेका छन् भने स्वास्थ्य चौकि तर्फ पनि माथि उल्लेख भए बमोजिम ४९ जनाको कर्मचारी दरबन्दी रहने छ । जस अनुसार गाउँपालिकामा १०५ जनाको दरबन्दी रहने गरी सिफारिस गरिएको छ ।

संघीय शासकीय प्रणाली अन्तरगत संगठन संरचना प्रस्ताव गरिएको र सो बमोजिमका दरबन्दी मध्ये पूर्ण पदपूर्ति गर्नका लागि हाल भइरहेको आयस्रोतमा बढोत्तरी गर्नु अपरिहार्य हुन्छ । आन्तरिक स्रोतमा बृद्धि नगरी पदपूर्ति मात्र गर्नु गाउँपालिकाको दीर्घकालीन हितका लागि उपयुक्त हुदैन । तसर्थ आन्तरिक आय बढाउँदै जानु पर्दछ । अर्कोतर्फ स्वास्थ्य सेवाका कर्मचारीहरुका लागि हालसम्म संघीय सरकारबाट सशर्त अनुदान प्राप्त हुँदै आएकोमा सोको निरन्तरता हुनु पर्दछ ।

कार्यालय सहयोगी, सवारी चालकको दरबन्दी करारमा मात्र पदपुर्ति गर्न सकिनेछ । सूचना प्रविधि अधिकृत, कम्प्यूटर अपरेटर तथा अन्य प्राविधिक पदहरुमा स्थायी पदपूर्ति नभएसम्मको लागि करारमा पनि प्रचलित कानून बमोजिम नियुक्ती गर्न सकिनेछ । अन्य प्रशासकिन पदहरु स्थायी पदपूर्ति गर्न पाइने छैन ।

**अस्थायी दरबन्दी**

गाउँपालिकामा विगतदेखि नै सामाजिक परिचालकहरु कार्यरत रहेका छन् । विगतमा स्थानीय तहमा जनप्रतिनिधी रिक्त रहेको अवस्थामा ती सामाजिक परिचालकबाट सेवा प्रवाहमा उल्लेख्य योगदान पनि रहेको थियो । ती पदहरुको निरन्तरता हुनुपर्नेमा गाउँपालिका रहेको छ । सो पदको स्थायी रुपमा पदपूर्ति गर्ने गरिएको छैन । तसर्थ हाललाई निरन्तर रुपमा सेवा गरेका सामाजिक परिचालकहरुको लागि देहाय बमोजिम अस्थायी दरबन्दी सिर्जना गरी काममा लगाइनुपर्ने मात्र विकल्प देखिन्छ । तसर्थ वडा कार्यालयबाट सामाजिक परिचालनका कार्यक्रमहरु संचालन गर्न तथा गाउँपालिकाले तोकेका अन्य सेवा प्रवाह गर्नका लागि देहाय बमोजिम सामाजिक परिचालकको अस्थायी दबरन्दी स्वीकृतीका लागि सिफारिस गरिएको छ । सो पद कुनै कारणले रिक्त भएमा स्वत रिक्त हुनेछ । यसका लागि नगरसभाबाट रकम विनियोजन नभएमा पनि पद स्वत रिक्त हुनेछ । ८ जना सामाजिक परिचालकको तलब भत्ता तथा अन्य खर्च बार्षिक रुपमा करिब ४० लाख लाग्ने देखिन्छ ।

| पद | तह | जम्मा संख्या |
|---|---|---|
| सामाजिक परिचालक | सहायकस्तर चौथो वा सो सरह | 8 |
| जम्मा | | 8 |

सामाजिक परिचालक परिचालन गर्ने जिम्मेवारी प्रशासन, योजना तथा अनुगमन शाखाको हुनेछ ।

## ४.५. प्रस्तावित दरवन्दी बमोजिम वार्षिक अनुमानित खर्चको विश्लेषण पदहरुको संख्या

प्रस्तावित दरवन्दी बमोजिम वार्षिक करिब ४ करोड ९५ लाख रकम खर्च आवश्यकता देखिन्छ । तहगत रुपमा दरवन्दी र वार्षिक अनुमानित खर्चको विश्लेषण अनुसूची २ मा उल्लेख गरिएको छ । हालसम्म स्वास्थ्य सेवाका कर्मचारीका लागि संघीय सरकारबाट नै तलब भत्ताको रकम प्राप्त हुने भएकोले बार्षिक खर्चमा अनुसुचि २ मा उल्लेख भए बमोजिमको रकममा केहि घट्ने देखिन्छ। अस्थायी दरबन्दीका लागि गाउँपालिका आफैले खर्चको जोहो गर्नुपर्ने हुन्छ। सोको लागि लाग्ने खर्च रकम यस विश्लेषणमा समावेश गरिएको छैन ।

हाल गाउँपालिकाको आन्तरिक आम्दानी करिब ४० लाखको हाराहारिमा रहेको छ । तर नियमित कर्मचारीको तलब भत्ताको रकम करिब ५ करोडको हाराहारीमा हुने देखिन्छ । सो बाहेक अन्य थुप्रै प्रशासनिक खर्च हुन्छ। प्रस्तावित दबरन्दी विवरण गाउँपालिकाले नगरी नहुने कामका लागि आवश्यक जनशक्ति प्रस्ताव गरिएको हो । अनावश्यक हुने गरी प्रस्ताव पर्ि नगरिएको छैन । तसर्थ प्रशासनिक मितव्ययीताका लागि उल्लेखित दरबन्दीहरु मध्ये पनि आन्तरिक आम्दानीमा बृद्धि गरेर मात्र पदपूर्ति गर्ने तर्फ जानु अपरिहार्य हुन्छ । सकेसम्म सामाजिक परिचालकको अस्थायी दरबन्दी यथाशीघ्र छिटो हटाउँदा उपयुक्त हुन्छ। प्रस्तावित दरबन्दी मध्ये कार्यालय सहयोगी, सवारी चालकहरु करारमा मात्र नियुक्त गर्नुपर्दछ। स्थायी रुपमा कार्यरत कार्यालय सहयोगी र सवारी चालक कर्मचारी अवकाश वा कुनै कारणवश रिक्त भएमा त्यस्तो पद स्थायी पदपूर्ति गर्न सकिने छैन । प्रचलित कानून बमोजिम करारमा लिन सकिने पदहरु बाहेक अन्य कर्मचारीको पदपूर्ति गर्दा लुम्बिनी प्रदेश सरकार, प्रदेश लोक सेवा आयोग मार्फत पदपूर्ति गर्नु पर्दछ।

## ४.६. गाउँपालिकामा रहने शाखा तथा इकाई र सोको कार्य विवरण (JD)

### अ. प्रशासन, योजना तथा अनुगमन शाखा

1= स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना कार्यान्वयन र नियमन,

2= संगठन विकास, संगठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, क्षमता विकास र वृत्ति विकास,

3= संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिताको व्यवस्थापन,

4= वडा कार्यालयहरुसँग सम्पर्क, समन्वय र सहजिकरण,

5= कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, ऐन, नियम तथा कानूनको मस्यौदा तयारीमा शाखागत समन्वय र संयोजन,

6= सार्वजनिक खरिद तथा नगरको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थापन,

7= सबै शाखा, इकाईसँग समन्वय गरी बार्षिक खरिद योजना तयारी,

8= नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

9= गाउँसभा तथा गाउँकार्यपालिकाको सचिवालय व्यवस्थापन, बैठक व्यवस्थापन र अन्य सभा समारोह सम्बन्धी कार्य,

10= भगिनी सम्बन्ध, वैदेशिक सम्पर्क, समन्वय सम्बन्धी कार्य,

11= विकास आयोजना तथा परियोजनाको सम्झौता, नियमन, अनुगमन सम्बन्धी कार्यहरु,

12= कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन व्यवस्थापन,

13= आफु मातहतका शाखा इकाईहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण,

14= आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव गरी सम्बन्धित महाशाखामा पठाउने,

15= सार्वजनिक सेवा प्रवाहमा निरन्तर सुधार सम्बन्धी कार्यहरु,

16= आफ्नो शाखासंग सम्बन्धित सम्पुर्ण निर्णयहरु तथा गाउँपालिकाले गरेका दीर्घकालीन महत्वका सबै सम्झौताहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,

17= अन्य शाखा, इकाई नपरेका सबै कामहरु,

18= स्थानीय उत्सव, जात्रा आदिको व्यवस्थापन तथा उपाधी तथा विभुषण सम्बन्धी सिफारिसको अभिलेख राख्ने,

19= न्यायिक समिति सम्बन्धी कार्यहरु,

20= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु,

21= कार्यालय प्रमुखले तोकेका अन्य कार्यहरु ।

**(क) प्रशासन तथा सम्पत्ती व्यवस्थापन इकाई**

1= कर्मचारीहरुको अध्यावधिक विवरण तयारी गर्ने,

2= क्षमता विकास सम्बन्धी कार्यक्रमहरुको प्रस्ताव तयारी र संचालन गर्ने,

3= कार्यपालिका, सभाको बैठक तथा अन्य सभा समारोह व्यवस्थापन,

4= कार्यपालिका तथा नगर सभाका निर्णयहरु अभिलेखीकरण, प्रकाशन तथा कार्यान्वयनका लागि सम्प्रेषण,

5= कार्य सम्पादन मूल्यांकनको अभिलेख व्यवस्थापन,

6= कर्मचारीको व्यवस्थापन, सरुवा, वृद्धि विकास, दण्ड, पुरस्कारको लागि सिफारिस,

7= दैनिक हाजिरी नियन्त्रण, खटन पटन सम्बन्धी कार्य,

8= सार्वजनिक सेवा प्रवाह, गुनासो व्यवस्थापन सम्बन्धी कार्य,

9= कानून बमोजिमका पदाधिकारी तथा कर्मचारीहरुको सम्पत्ति विवरण पेश गर्न सूचित गर्ने,

10= पालिकाबाट भएको सिफारिससँग सम्बन्धित सिफारिस पत्रको अभिलेख राख्ने,

11= कार्यालयको दर्ता चलानी नियन्त्रण, व्यवस्थापन,

12= अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको सचिवालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

13= आफ्नो शाखासंग सम्बन्धित परामर्श सेवा सम्बन्धी कामको लागि कार्यशर्त तयारी,

14= वडा कार्यालय र गाउँपालिका कार्यालयबीच आपसी समन्वय तथा संचार,

15= कार्यपालिकाकाको सुशासन तथा संस्थागत विकास समितिको सचिवालयको काम गर्ने ।

16= गाउँपालिकाको लागि सार्वजनिक खरिद तथा अन्य बन्दोबस्तीका सामानको आवश्यकता पहिचान गरी वार्षिक खरिद योजना तयार गर्ने,

17= विभिन्न प्रकारका वस्तु तथा सेवा आपूर्ति गर्न इच्छुक व्यक्ति, संस्था, कम्पनी लगायतको सूचि अध्यावधिक गराउने,

18= हरेक आर्थिक वर्षको सुरुमै अनुमान गरिएका आवश्यक सामानहरुको दररेट माग गरी स्वीकृत गराई राख्ने,

19= खरिद इकाईको सचिवालयको काम गर्ने,

20= गाउँपालिकाभित्रको सरकारी सम्पत्ति, आफ्नो स्वामित्वमा रहेको भवन लगायत स्थिर सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने,

21= लिलाम गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने सामानको प्रत्येक वर्षको पहिलो चौमासिकमा विवरण तयार गरी लिलाम गर्नुपर्ने लिलाम गर्ने प्रक्रिया अघि बढाउने, मर्मत गर्नुपर्ने सामानको लागत अनुमान तयार गरी मर्मतको लागि पेश गर्ने,

22= कार्यालयको नाममा रहेका सम्पूर्ण सवारी साधनको अध्यावधिक विवरण तयार गरी मर्मत गर्नुपर्ने, लिलाम गर्नुपर्ने देखिएका सवारी साधनको सोही बमोजिम प्रक्रिया अगाडि बढाउने,

23= खरिद गर्नुपर्ने देखिएका सामानहरु समयमा नै खरिद गरी कार्य सञ्चालनमा अभाव नहुने व्यवस्था मिलाउने,

24= मापदण्ड बमोजिम इन्धनको व्यवस्थापन, सामानहरुको वितरण गर्ने,

25= प्रचलित कानून बमोजिम प्रत्येक वर्ष जिन्सी निरीक्षण गराउने,

26= कार्यालयका लागि आवश्यक जिन्सी सामानकोव्यवस्थापन, भण्डार दाखिला, निकासी,

27= न्यायिक समिति सम्बन्धी कार्य तथा कानून, मानव अधिकार प्रदर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन

28= कार्यालयमा प्राप्त एवं कार्यालयबाट बाहिर पठाउने चिट्ठी पत्रहरुको दर्ता तथा चलानी गर्ने र सोको व्यवस्थित अभिलेख राख्ने,

29= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखा, इकाईसँग सम्बन्धित अन्य कार्यहरु र कार्यालय प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

**(ख) योजना तथा अनुगमन इकाई**

1. स्वीकृत बार्षिक योजना अनुसार अन्य शाखाहरु समेतको समन्वयमा योजना कार्यक्रमहरुको सम्झौता गर्ने,
2. वडास्तरीय योजना सञ्चालनका लागि आवश्यक सहजिकरण गर्ने
3. उपभोक्ता समितिका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,
4. निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुको परिचालन, समन्वय र सहजीकरण गर्ने,
5. योजना कार्यक्रम हस्तान्तरण गर्ने, सम्पन्न भएका सम्पूर्ण पूर्वाधार सम्बन्धी योजनाहरुको अभिलेख राख्ने,
6. संघ तथा प्रदेशको जिम्मामा परेका बाहेक सबै स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, पुल, झोलुङ्गे पुल, कल्भर्ट र तटबन्धन सम्बन्धी योजनाको अभिलेख राख्ने,
7. शाखा, इकाईहरुवाट कार्य सम्पन्न पश्चात सिफारिश भई आएका योजना तथा कार्यक्रमको भुक्तानीको लागि पेश गर्ने,
8. बजेट सीमा निर्धारण र बजेट तर्जूमा सम्बन्धी कार्य गर्ने,
9. पालिकाले सम्पादन गरेका कार्यहरुको नियमित प्रतिवेदन गर्ने
10. स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना एवं गुरुयोजना तर्जूमा, अनुगमन तथा मूल्यांकन,
11. वार्षिक विकास योजना तथा योजना तथा कार्यक्रम तर्जुमा, अवस्थाको अनुगमन, मूल्यांकन र पृष्ठ पोषण,
12. विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा,
13. आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,
14. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु
15. कार्यालय प्रमुख र शाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

**आ. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**

1. स्थानीय सडक तथा यातायात, खानेपानी, सिंचाइ आदि सम्बन्धी पूर्वाधार विकास मापदण्डहरुको कार्यान्वयन तथा नियमन, यी क्षेत्रमा योजना बैंक तयारी गर्ने ।
2. स्वीकृत बार्षिक पूर्वाधार सम्बन्धी योजनाहरुको कार्यान्वयन, नियमन,
3. पूर्वाधार विकास सम्बन्धित विकास योजनाको मर्मत, सम्भार,
4. स्थानीय सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
5. शहरीकरण, बस्ती विकास सम्बन्धीमापदण्डको निर्धारण तथा सो सम्बन्धी योजना, कार्यान्वयन र नियमन,

6. भू-उपयोग नीति, योजनाको कार्यान्वयन,
7. निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेजी, अनुगमन र नियमन,
8. नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानी योजनाको मापदण्डको कार्यान्वयन र नियमन
9. यातायात सुरक्षा व्यवस्थापन र नियमन,
10. आफ्नो शाखासंग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी,
11. राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण, निर्माण अनुमति, अनुगमन र नियमन,
12. खानेपानी आयोजनाको सञ्चालन, व्यवस्थापन र नियमन
13. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव गरी सम्बन्धित शाखामा पठाउने,
14. सार्वजनिक निर्माणको गुणस्तर कायम गर्ने,
15. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,
16. यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच, निजी यातायातको नियमन
17. यातायात गुरुयोजनाको कार्यान्वयन,
18. नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानी सम्बन्धी नीति रणनीतिको कार्यान्वयन,
19. शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्डको कार्यान्वयन,,
20. आधारभूत आवासका योजनाको कार्यान्वयन
21. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, जलाधार संरक्षण, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
22. नदी किनार, नदी उकास, दहत्तर, वहत्तर, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
23. भूसंरक्षण र जलाधार व्यवस्थापन जन्य सामुदायिक अनुकूलन,
24. स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन,
25. वातावरणीय जोखिम न्यूनीकरण,
26. जलवायू परिवर्तन अनुकुलन कार्यक्रम,
27. विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन,
28. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना,
29. विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
30. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
31. विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

32. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

33. कार्यालय प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

## (क) पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन इकाई

1= सडक, ढल, सिंचाइ खानेपानी, सामुदायिक भवन तथा अन्य पूर्वाधारको विकासको लागि आवश्यक नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन गर्ने

2= सार्वजकि निर्माण सम्बन्धी योजनाको कार्यान्वयन गरी तोकिएको समय भित्र अन्तिम भुक्तानीको लागि सिफारिस गरी सक्ने,

3= स्थानीय सडक तथा यातायात सम्बन्धी मापदण्डको कार्यान्वयन, नियमन गर्ने,

4= निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेज गर्ने

5= सार्वजनिक निर्माण योजनाहरुको खरिद योजना तयार गरी खरिद इकाइमा उपलब्ध गराउने,

6= पूर्वाधार विकास सम्बन्धित विकास योजनाको मर्मत, सम्भार,

7= GIS सम्बन्धी कार्य गर्ने,

8= विद्युत प्रणाली र सेवाको व्यवस्थापनमा समन्वय गर्ने,

9= सार्वजनिक निर्माणको गुणस्तर कायम गर्ने,

10= अन्य सार्वजनिक निर्माण सम्बन्धी कार्यहरु,

11= यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँचको व्यवस्था, नियमन

12= योजनाको इस्टिमेट, ड्रइङ्ग, डिजाइन तयारी, योजनाको कार्यान्वयन, अनुगमन तथा निरीक्षण,

13= योजनाको कार्यान्वयन गरी अन्तिम भुक्तानीको लागि सिफारिस गरी सक्ने,

14= नदी किनार, नदी उकास, दहत्तर, वहत्तर, नहर किनार तथा सडक किनारमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

15= वन, वातावरण, पार्क, हरियाली क्षेत्रको संरक्षण, संवर्द्धन,

16= सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन,

17= विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन,

18= प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी,

19= स्थानीय आपतकालिन कार्य सञ्चालन,

20= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

21= कार्यालय प्रमुख र शाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

## ख. भवन तथा मापदण्ड कार्यान्वयन इकाई

1= राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम सुरक्षित सार्वजनिक, सरकारी भवन निर्माणको अनुमतिको लागि सिफारिस, अनुगमन, नियमन,

2= भवन निर्माणको लागि नक्शा स्वीकृति तथा संशोधनको लागि सिफारिस,

3= स्वीकृत नक्साको अद्यावधिक अभिलेख राख्ने,

4= नक्सा स्वीकृत प्रक्रियालाई व्यवस्थित र सरलीकृत गर्न अवम्लवन गर्नुपर्ने विभिन्न उपायहरुको विकल्प सहित विश्लेषण गरी सिफारिस गर्ने,

5= गाउँपालिकाको भोग चलनमा रहेका तथा अन्य सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको अद्यावधिक अभिलेख राख्ने, संरक्षणका योजना बनाउने र संरक्षण सम्बन्धी आवश्यक कार्य गर्ने,

6= भवन मापदण्ड सुधार गर्न आवश्यक अध्ययन अनुसन्धान गराउने,

7= बिभिन्न भवनहरुको उपयुक्त हुने नमुना नक्सा तयार गर्ने,

8= कार्यालयको तर्फबाट नक्सा तयार गर्ने गरी भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि समयमै घर नक्सा तयार गर्ने,

9= सार्वजनिक भवन वातावरणमैत्री, अपांगतामैत्री र लैंगिकमैत्री तथा सुविधायुक्त बनाउने

10= अव्यवस्थित बसोबास गर्नेहरुको लगत संकलन तथा अभिलेख व्यवस्थापन गर्ने,

11= भू-उपयोग नीति, योजना, कार्यक्रमको कार्यान्वयन गर्ने,

12= सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

13= स्थानीय तहमा अव्यवस्थित बस्तीको पहिचान र अभिलेख व्यवस्थापन,

14= जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता,

15= पुरातात्विक महत्वका स्थलहरु लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,

16= भूमिको वर्गीकरण अनुसारको लगत,

17= जग्गाको कित्ताकाट र भूमि लगत (नक्शा, स्नेस्ता) निर्माण र संरक्षण

18= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

19= कार्यालय प्रमुख र शाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

## इ. सामाजिक तथा आर्थिक विकास शाखा

1= आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,

2= राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

3= राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

4= पन्ध्र बेडसम्मको अस्पताल संचालनका लागि स्वीकृत दिने, औषधि पसल सञ्चालन र नियमन,

5= स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

6= प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक,प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापन,

7= जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

8= टोल विकास संस्था परिचालन सम्बन्धी कार्यहरु,

9= महिला तथा अन्य लक्षित वर्गको हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन,

10= लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना,

11= बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल,

12= व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद), धर्मपुत्र धर्मपुत्री), सामाजिक सुरक्षा सम्बन्धी कार्य, अभिलेख व्यवस्थापन तथा प्रतिवेदन,

13= ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य, ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

14= अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

15= कमजोर वर्ग, समुदाय, लिगं, क्षेत्र तथा अल्पसंख्यक भाषा, धर्म, सस्कृतिको सम्बन्धि नीति, कानुन, मापदण्ड सम्बन्धि कार्य,

16= आदिवासी, जनजाति, मुस्लिम, अल्पसंख्यकहरुको हित प्रर्वधन सम्बन्धी नीति, कानून, कार्यान्वयन, अनुगमन र नियमन,

17= उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

18= कृषि, कृषि प्रसार, पशुपंक्षी विकास, नश्ल सुधार,पशु स्वास्थ्य, कृषि तथा पशुपंक्षी उत्पादन, व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

19= सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

20= स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, समायोजन, खारेजी र विघटन,

21= रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

22= लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन,

23= लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन,

24= पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन,

25= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

26= कार्यालय प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

## (क) सामाजिक सुरक्षा तथा पञ्जिकरण, सूचना प्रविधि इकाई

1. सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन गर्ने,
2. स्थानीय सामाजिक सुरक्षा योजना र कार्यन्वयन गर्ने,

3. सामाजिक सुरक्षा भत्ता पाउनेको विद्युतीय लगत अद्यावधिक तथा सार्वजनिक गर्ने,
4. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनाको स्थानीय तथ्यांक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
5. पञ्जीकरण व्यवस्थापनको जिम्मेवारी किटान भई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन अद्यावधिक गर्ने,
6. ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गर्नेलाई प्रोत्साहन हुने प्रणाली विकास गरी लागू गर्ने,
7. सार्वजनिक चेतना र अभियान सञ्चालन भई व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, वसाइ सराई, सम्बन्ध विच्छेद) र धर्मपुत्र पुत्रीको दर्ता,
8. सबै वडाबाट हुने व्यक्तिगत घटना सम्बन्धी अभिलेखको व्यवस्थापन तथा मासिक प्रतिवेदन तयार गर्ने,
9. नगर क्षेत्र भित्रका गैरसरकारी संस्थाहरुको समन्वय, सहकार्य र नियमन सम्बन्धी कार्य
10. टोल विकास संस्था, आमा समूह, क्लब जस्ता सामुदायिक संस्थाहरुको संचालन, व्यवस्थापन, नियमन,
11. आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको नियमन,
12. एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण,
13. सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,
14. सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन,
15. तथ्याङ्क प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख,
16. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु
17. कार्यालय प्रमुख र शाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

**(ख) जनस्वास्थ्य प्रवर्द्धन इकाई**

1= आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,
2= राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
3= राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,
4= आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबर्द्धन,
5= अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
6= स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

7= औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
8= स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,
9= औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,
10= औषधि र स्वास्थ्य उपकरणको भण्डारण र वितरण,
11= स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
12= जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),
13= प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,
14= सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,
15= आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,
16= स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रर्वधन,
17= जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
18= योग, ध्यान केन्द्र, संचालन, प्राकृतिक चिकित्सा प्रबर्द्धन ।
19= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखा, इकाईसँग सम्बन्धित अन्य कार्यहरु
20= कार्यालय प्रमुख र शाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

## ग. महिला, वालवालिका तथा समाज कल्याण इकाई

1= बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना,निर्माण र कार्यान्वयन,
2= महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण, क्षमता विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने,
3= लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रर्वधनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना सम्बन्धी कार्य गर्ने,
**4=** बजेटको लैंगिक हिसाबले विश्लेषण गर्ने र लैगिंक उत्तरदायी बजेट निर्माण गर्न सहजिकरण गर्ने,
5= स्थानीय स्तरमा समावेशिता र मूल प्रवाहीकरण सम्बन्धी अन्य कार्यहरु गर्ने,
6= बालबालिकाको हकहित संरक्षणसँग सम्बन्धित कार्यहरु गर्ने,
7= बाल सञ्जाललाई सबलिकरण, बाल न्याय प्रवर्द्धन गर्ने,
8= असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन गर्न विभिन्न संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने,
9= बाल हिंसा नियन्त्रणका लागि विभिन्न उपायहरु अवलम्वन गर्ने,

10= ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्यमा सहजिकरण गर्ने,

11= ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने,

12= अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण सम्बन्धी कार्य गर्ने,

13= अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन गर्न पहलकदमी गर्ने,

14= एकल महिलालाई लक्षित गरी सहयोग पुग्ने कार्यको पहिचान,

15= सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन, सञ्चालन, अभिलेख व्यवस्थापन र प्रतिवेदन,

16= सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्धारण

17= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको इकाईसँग सम्बन्धित अन्य कार्यहरु

18= कार्यालय प्रमुख र शाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

## (घ) कृषि तथा पशु सेवा इकाई

1= कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तयारी तथा कार्यान्वयन,

2= कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन,

3= कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

4= कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,

5= कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

6= कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

7= पशुपालन, पशु स्वास्थ्य, मत्स्य विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन,

8= पशुपंक्षी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन,

9= पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

10= पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य,

11= छाडा चौपाया नियन्त्रण,

12= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

13= कार्यालय प्रमुख र शाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

**(ङ) सहकारी, पर्यटन, घरेलु उद्योग तथा व्यवसाय व्यवस्थापन इकाई**

1= लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गर्ने,

2= लघु, घरेलु तथा साना उद्योग, व्यापारिक फर्म, पसलहरुको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

3= सीप विकास सम्बन्धी कार्यको प्रवर्द्धन,

4= प्रचलित कानून बमोजिम लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी,

5= स्थानीय सार्वजनिक–निजी साझेदारी सम्बन्धी स्थानीय नीति, कानून, योजना निर्माण, कार्यान्वयन अनुगमन र नियमन,

6= स्थानीय विकासमा निजी क्षेत्रको प्रबर्द्धन,

7= सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन,

8= स्थानीय सहकारी संस्थाको समन्वय, दर्ता, अनुमति, खारेजी र विघटनको लागि सिफारिस गर्ने,

9= रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

10= रोजगार डेक्स सञ्चालन व्यवस्थापन,

11= वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमहरु संचालन, व्यवस्थापन, समन्वय,

12= गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

13= पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रर्वधन,

14= पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन,

15= उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

16= स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

17= उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

18= स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन,

19= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

20= कार्यालय प्रमुख र महाशाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

**ई. शिक्षा, युवा तथा खेलकुद शाखा**

1= विद्यालय शिक्षक तथा कर्मचारीको अभिलेख व्यवस्थापन,

2= विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजनको लागि सिफारिस, नियमन

3= शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको आवश्यकता पहिचान गरी सिफारिस,

4= विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,

5= प्रोत्साहन तथा छात्रवृत्ति पाउने विद्यार्थीको अभिलेख व्यवस्थापन,

6= बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन,

7= आधारभूत तहसम्मको शैक्षिक कार्यक्रमहरुको समन्वय र नियमन,

8= सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालयहरुको अनुगमन नियमन,

9= विद्यालय बाहेकका स्थानीयस्तरमा सञ्चालित शैक्षिक संघ संस्थाहरुसँगको समन्वय, सहजिकरण, अनुगमन, नियमन,

10= पाठ्यक्रम र पाठ्य सामग्रीको वितरण तथा कार्यान्वयन,

11= ट्यसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति, नियमन,

12= शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,

13= शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,

14= शिक्षक सिकाइ, शिक्षक र कर्मचारी तालिम तथा क्षमता विकास,

15= स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रर्वधन र स्तरीकरण,

16= युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास,जागरण, सशक्तिकरण र परिचालन,

17= स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

18= खेलकूदको लागि संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

19= खेलकूदको विकास र प्रवर्द्धन,

20= खेलकूद प्रतियोगिता आयोजना र सहभागिता,

21= अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय,

22= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

23= कार्यालय प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

## उ. आर्थिक तथा राजस्व प्रशासन शाखा

1= हरेक आर्थिक बर्षको लागि राजश्व परिचालन नीतिको तर्जुमा र करका दर विश्लेषण सहितको प्रस्ताव तयारी,

2= सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, व्यवसाय कर आदि गाउँपालिकाले लगाउन सक्ने करहरु सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियमन तथा अन्य आय व्यवस्थापन,

3= प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड,

4= कानून बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो तथा खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी शुल्क सङ्कलन,

5= करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक,

6= गाउँ कार्यपालिका, वडा कार्यालय वा गाउँपालिकाद्वारा व्यवसायिक प्रयोजनमा लगाएका स्थान भवनहरुको वहाल भाडा, लिज बमोजिमको राजश्व असुली एवं भुक्तानी,

7= आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन र नियन्त्रण,

8= अन्तिम लेखा परीक्षणको लागि सहयोग

9= सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,

10= बेरुजू फछ्र्यौट,

11= ऋण, अनुदान तथा जमानतको व्यवस्थापन र नियमन,

12= ऋण लिने र तिर्ने क्षमताको विश्लेषण,

13= संघ, प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटको खर्च व्यवस्थापन,

14= आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय,

15= राजश्व परामर्श समितिको सचिवालयको काम गर्ने,

16= आफ्नो महाशाखासंग सम्बन्धित सम्पुर्ण निर्णयहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,

17= आफु मातहतका शाखाहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण,

18= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

19= कार्यालय प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

**(क) राजश्व प्रशासन इकाई**

1= राजश्वको दायरा विस्तार गर्ने क्षेत्रहरुको पहिचान, तथ्यांक संकलन तथा विश्लेषण गर्ने,

2= सम्पूर्ण करदाताको अभिलेख व्यवस्थापन गर्ने,

3= आफ्नो क्षेत्रभित्र राजस्वका दर तथा शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क सङ्कलन,

4= स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर असुली,

5= मालपोत/सम्पत्ति कर संकलन,

6= हाट बजार व्यवस्थापन,

7= प्रचलित कानून बमोजिम दण्ड जरिवाना,

8= राजश्व परामर्श समितिलाई आवश्यक सूचना उपलब्ध गराउने र सचिवालय सम्बन्धी कार्य गर्ने,

9= राजश्व संकलनलाई प्रभावकारी बनाउन प्रवर्द्धनात्मक, उपायहरुको अवलम्बन गर्ने,

10= सम्बन्धित शाखा तथा निकायसँग राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

11= बाँकी बक्यौता रकमको लगत र असुल उपर,

12= करदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

13= प्राकृतिक स्रोतबाट प्राप्त हुन सक्ने सम्भावित रोयल्टी, शुल्क आदीको विश्लेषण तथा पूर्व अनुमान गरी अभिलेख व्यवस्थापन गर्ने,

14= कानून बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, जस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन व्यवस्थापन र सो सम्बन्धी शुल्क सङ्कलन,

15= प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना,

16= आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन,

17= कार्यपालिका, वडा कार्यालय वा गाउँपालिकाद्वारा व्यवसायिक प्रयोजनमा लगाएका स्थान, भवनहरुको वहाल, लिज बमोजिमको राजश्व असुली एवं दायित्व भुक्तानीको सिफारिस,

18= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

19= कार्यालय प्रमुख र शाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

## (ख) आर्थिक प्रशासन इकाई

1= आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून र मापदण्डको कार्यान्वयन र आर्थिक प्रशासन सञ्चालन,

2= सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,

3= लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्य सञ्चालन कोष तथा अन्य सरकारी कोषको सञ्चालन तथा एकीकृत विवरण तयारी,

4= समष्टिगत आर्थिक अवस्थाको विश्लेषण,

5= लगानी प्रक्षेपण (सरकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन,

6= आर्थिक कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन,

7= आय व्ययको अनुमान,

8= बेरुजू फछ्र्यौट,

9= आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय,

10= आर्थिक कारोबारको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने कार्य,

11= ऋण, अनुदान तथा जमानतको अभिलेख व्यवस्थापन,

12= धरौटी स्याहा तथा फिर्ता,

13= संघ, प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटको खर्च व्यवस्थापन,

14= संघ, प्रदेश सरकारबाट प्राप्त रकमको व्यवस्थापन,

15= विभिन्न कोषहरुको सञ्चालन तथा व्यवस्थापन,

16= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

17= कार्यालय प्रमुख र महाशाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

**ऊ. आन्तरिक लेखापरीक्षण शाखा**

1= आन्तरिक तथा पूर्व लेखापरीक्षण,

2= लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत) को अभिलेख व्यवस्थापन,

3= अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण,

4= लेखापालन सम्बन्धी क्षमता विकास कार्य,

5= अन्तिम लेखा परीक्षणमा सहजिकरण र समन्वय,

6= स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु

7= कार्यालय प्रमुखले तोकिदिएका अन्य कार्यहरु ।

**ए. वडा कार्यालय**

1. दैनिक रुपमा वडा कार्यालय सन्चालन गर्ने,
2. वडाभित्रका विकास कार्यको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने,
3. वडास्तरका तथ्याङ्क अद्यावधिक तथा संरक्षण गर्ने,
4. तोकिएका क्षेत्रहरुमा सिफारिस तथा प्रमाणित गर्ने,
5. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले वडा कार्यालयले गर्ने भनी तोकेका अन्य कार्यहरु ।

**(पदगत कार्यविवरण छुट्टै विस्तृतमा समावेश गरिएको छ)**

# भाग ५.: निष्कर्ष तथा सुझावहरु

## निश्कर्षहरु

- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहमा शाखा वा इकाईमा रहेको सगंठन संरचना कायम गर्न सकिने प्रावधान रहेको छ ।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ उपदफा (१०) मा कर्मचारी समायोजनको कार्य सम्पन्न भइ सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट हेरफेर वा परिमार्जन गर्न सक्ने व्यवस्था रहेको छ । यी कानूनी संरचना र प्रचलित व्यवहारलाई ध्यानमा राखी यो सांगठनिक ढाँचा तयार गरिएको हो ।
- वर्तमान अवस्थामा विशेष गरेर गाउँपालिकाकाले संविधान, विद्यमान ऐन नियम र प्रचलित कार्य सीमा र प्रणाली बमोजिम संगठन संरचना छ ।
- स्थानीय स्तरमाा सेवा प्रबाहका लागि छुट्टै कुनै थप निकाय तीनै तहको सरकारबाट राख्न जरुरी छैन । संघ तथा प्रदेशस्तरवाट प्रदान गर्ने सेवा स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरी गर्न सकिन्छ ।
- प्रस्तुत संगठन संरचनामा अधिकृत स्तर २२ जना, सहायक स्तर ५८ जना र सहयोगी स्तरका २५ गरी जम्मा १०५ जना दरबन्दी रहने गरी संगठन संरचना प्रस्ताव गरिएको छ । बिगतदेखि काम गर्दै आएका ८ जना सामाजिक परिचालकको लागि छुट्टै अस्थायी दरबन्दी प्रस्ताव गरिएको छ ।
- प्रस्तुत प्रतिवेदनमा शाखा तथा इकाईहरुको कार्यविवरण र ति शाखा तथा इकाईमा कार्यरत हरेक दरवन्दीको व्यक्तिगत कार्यविवरण संलग्न गरिएको छ । यस प्रतिवेदनको आधारमा कार्यालय प्रमुखले सबै कर्मचारीहरुलाई आ आफ्नो कार्यविवरण उपलब्ध गराउन सकिनेछ ।

## सुझावहरु

1. संविधान र कानुनले दिएको अधिकार क्षेत्रको आधारमा कार्यबोझ विश्लेषण गरी संगठन संरचना प्रस्ताव गरिएको छ । प्रस्ताव गरिएको पद रिक्त भएमा कार्यबोझ र गाउँपालिकाको आर्थिक श्रोतको आधारमा क्रमश पदपूर्ती गर्दै जान उपयुक्त हुनेछ ।
2. कम्प्युटर अपरेटर, पशु तथा कृषी प्राविधिक हलुका सवारी चालक तथा कार्यालय सहयोगी जस्ता श्रेणी विहिन कर्मचारीहरु करारमा नियुक्त गर्न सकिने छ ।

3. गाउँपालिकाको कार्यसम्पादन कार्य प्रभावकारी बनाउन कार्यालय प्रमुखले शाखा प्रमुखसँग र शाखा प्रमुखले इकाई प्रमुखसँग वार्षिक रुपमा कार्यसम्पादन करार गर्ने र सोको मूल्याँकनको आधारमा पुरस्कृत तथा दण्डको व्यवस्था लागु गर्नु उपयुक्त हुन्छ ।

4. कर्मचारीलाई नयाँ सम्भावना, जानकारी, विषयगत दक्षता बृद्धि गर्न तालिम, अनुशिक्षण गर्ने, कार्य जिम्मेवारी दिई वस्तुगत आधारमा मूल्यांकन गर्ने परिपाटी स्थापित गर्ने गर्नुपर्ने देखिन्छ ।

5. स्थानीय स्रोत परिचालन गर्न सकिएन भने अन्तर सरकार वित्त व्यवस्थपन ऐन, २०७४ तथा अन्य कानूनले तोकेको प्रशासनिक खर्चको सीमाभित्र खर्च नपुग्ने हुँदा आम्दानीका क्षेत्रको खोजी विस्तार र प्रवर्द्धन गर्नुपर्दछ ।

6. निर्वाचित जनप्रतिनिधिलाई सहभागितामूलक योजना छनौट प्रकृयामाको चरणहरु प्राथमिकता पहिचान देखि योजना छनौट र कार्यान्वयन सम्मका प्रकृयामा सहयोग पुऱ्याउने गरी कर्मचारी संयन्त्र प्रयोग गर्ने,

7. यथार्थ आन्तरिक आम्दानीको तुलानामा प्रशासनिक खर्चको अनुपात बढि रहेको छ । यो खर्च अन्तर सरकार वित्त संचालन ऐनले तोकेको व्यवस्था भन्दा प्रतिकुल रहेकोले यसलाई बान्छित सीमामा राख्नु पर्ने हुन्छ । त्यसैले आन्तरिक स्रोत परिचालनको क्षेत्र विस्तारको आधारमा मात्र जनशक्ति बृद्धि र मानवीय स्रोत विकास कार्यक्रममा समन्वय गर्नु आवश्यक छ ।

8. संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य कानूनले स्थानीय तहको कार्य जिम्मेवारीमा परेको क्षेत्रको कार्यबोझ र गाउँपालिकाको स्रोत कार्य क्षेत्र समेत विश्लेषण गरी दरबन्दी पुनरावलोकन गर्न सकिनेछ ।

9. संघ/प्रदेश सरकारले आफ्नो शसर्त कार्यक्रममा निर्धारण गरेको काम गर्ने गरी पठाएकोमा कार्यरत कर्मचारी बहेक अन्य कर्मचारीको शाखा र जिम्मेवारी हेरफेर गर्ने नीति बनाउने ।

10. गाउँपालिकालाई भविश्यमा थप भार पर्ने गरी कार्यकम पिच्छे जनशक्ति थप्ने प्रवृत्तिको अन्त्य गर्ने ।

11. आन्तरिक लेखापरिक्षण शाखालाई प्रभावकारी परिचालनको लागि आन्तरिक लेखापरिक्षणमा मात्र परिचालन गर्ने ।

12. पुस्तकालय तथा सूचना केन्द्र सम्बन्धी, योजना प्राथमिकीकरण, समाजिक विकास र समावेशी सिद्धान्त, राजस्व र कर शुल्क, मानव श्रोत, आन्तरिक नियमन आदिमा अनुशिक्षण तालिम दिने व्यवस्था गर्न पर्ने ।

13. कार्य जिम्मेवारी र कार्यबोझलाई मध्यनजर गर्दै गाउँपालिकामा कार्यरत कर्मचारी भन्दा एकतह माथिको प्रमुख प्रशासकीय अधिकृत व्यवस्था गर्ने ।

## sflnu08sL ufpFपालिकाको संगठन संरचना